## विशेष इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६६-WS-००३९, उत्प्रेषण, *दयाराम पाण्डे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विशेष बढुवाको लागि माथिल्लो पद खाली हुनु नपर्ने, बढुवा गर्नको लागि सम्बन्धित सेवा समूह वा उपसमूहको एक श्रेणी माथिको विशेष पद स्वतः सिर्जना हुने, त्यस्तो विशेष पदमा बढुवा भएको कर्मचारी अवकाश भएमा वा माथिल्लो पदमा बढुवा वा समायोजन भएमा स्वतः खारेज भई बढुवा हुनु अगाडिको पद स्वतः कायम हुने, यस्तो विशेष पदमा बढुवा हुनको लागि निजामती कर्मचारीले अन्य सम्भाव्य उम्मेदवारहरूसँग प्रतिस्पर्धा समेत गर्नु नपर्ने आदि व्यवस्था बढुवासम्बन्धी सामान्य व्यवस्था भन्दा भिन्न र बिशिष्ट किसिमको रहेको देखिँदा यस प्रकारको बढुवा हुन प्रतिस्पर्धात्मक आधार नचाहिने र योग्यता र दक्षता परीक्षणको चरणबाट गुज्रन नपर्ने।

राज्यले अवलम्बन गरेको नीतिअनुरूप निजामती सेवाको गठन, सञ्चालन र नियमन गर्न विधायिकाद्वारा निर्माण गरिएको कानून स्पष्ट रूपमा संविधानको भावना र मर्म विपरीत नभएसम्म अदालतले बदर गर्नु उचित र संविधनसम्मत् हुन नसक्ने।

निजामती सेवालाई कस्तो बनाउने, यसको संगठनात्मक स्वरूप कस्तो हुने, पदसोपानको संरचना कुन प्रकारको राख्ने, निजामती कर्मचारीको नियुक्ति, बढुवा र बर्खास्तीका मापदण्ड के कस्ता आधारबाट निर्धारण गर्ने, सेवाका शर्त र सुविधाहरू के कस्तो प्रदान गर्ने भन्ने विषय न्यायिक रूपमा व्यवस्थापन हुने विषयहरू होइनन्। कर्मचारी प्रशासनको क्षेत्रमा विकसित मान्य सिद्धान्त र प्रचलनलाई ध्यान दिई आफ्नो अवस्था र आवश्यकताअनुरूप राज्यले यस्ता विषयहरूमा नीति निर्माण र तिनमा समसामयिक सुधार गर्न सक्ने।

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवासम्बन्धी विशेष व्यवस्था कार्य क्षमताको मूल्याङ्कन र आन्तरिक प्रतियोगितात्मक परीक्षाअन्तर्गत बढुवा हुन नसकेका निजामती कर्मचारीहरूलाई लक्षित गरी उनीहरूमा उत्प्रेरणा अभिवृद्धि गर्ने उद्देश्यले ल्याइएको हुँदा बढुवाको यस वर्गीकरणलाई अन्य बढुवासँग समान रूपमा तुलना गरी विभेदकारी भयो भन्न नमिल्ने।

लामो समयसम्म एउटै श्रेणीको पदमा रही अन्य नियमित बढुवाको अवसरबाट बञ्चित रहेकाहरूको मनोबल वृद्धि गर्ने उद्देश्यकासाथ कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा हुने विशेष व्यवस्था ल्याइएको भन्ने देखिँदा लामो समयसम्म एउटै श्रेणीको पदमा कार्यरत् कर्मचारीहरूको मनोबल वृद्धि गर्ने ऐनको उद्देश्य र निजामती सेवाको संगठनात्मक स्वरूप र पदसोपान संरचना नबिग्रने गरी खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने प्रक्रियामा कुनै असर नपर्ने गरी ल्याइएको बढुवासम्बन्धी विशेष व्यवस्थाको सार्थक सम्बन्ध समेत देखिँदा बढुवाको आधार र अवस्था नै फरकफरक रहेका अलगअलग वर्गका बढुवाहरूको लागि पृथकपृथक सेवाको शर्त तोकिएको कानूनी व्यवस्था युक्तिसंगत् वर्गीकरणको सिद्धान्त (Theory of Reasonable classification) अनुकूल नै देखिँदा समानताको हकविपरीत भएको नदेखिने।

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिमको बढुवा हुनको लागि दरखास्त पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था नभएको अवस्थामा निजामती सेवा ऐन र नियमावलीले गरेको विशेष बढुवाको सबै अवस्थाको प्रावधानको बारेमा जानकारी हुँदाहुँदै स्वेच्छापूर्वक बढुवा फाराम भरी उक्त दफाको प्रावधानबमोजिम बढुवा नियुक्ति स्वीकार गरिसकेपश्चात् उक्त विशेष बढुवासम्बन्धी प्रावधान गैरसंवैधानिक र निवेदकहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाउने किसिमको भयो भन्ने निवेदन दावी सिद्धान्ततः मिल्ने नदेखिएको र निवेदकहरूले चुनौती दिएको उक्त बढुवासम्बन्धी व्यवस्था लामो समयसम्म एउटै श्रेणीको पदमा कार्यरत् रहनु परी नियमित बढुवाबाट बञ्चित रहेका निजामती कर्मचारीहरूलाई प्रोत्साहनस्वरूप विशेष पदमा बढुवा गर्ने प्रयोजनको

लागि ल्याइएको देखिँदा निजामती सेवा ऐनको दफा २४घ१ को व्यवस्था निवेदकको मागबमोजिम अमान्य र बदर घोषित गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** ०६९-WS-००१०, उत्प्रेषण, प्रतिषेधयुक्त परमादेश समेत, *युवराज सुवेदी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

न्याय सेवा र लेखा परीक्षण सेवाभित्रको विशिष्टकरणको अपरिहार्यतालाई कायम राख्न निजामती सेवा ऐन, २०४९ को दफा ६ को उपदफा (१क) र दफा १९(१) मा प्रयुक्त भएका "नेपाल न्याय सेवाको पदमा बाहेक" भन्ने वाक्यांशहरूलाई अनावश्यक रूपमा विस्तार गरी ती वाक्यांशले न्याय सेवाको विशिष्टकृत सेवामा कार्यरत् राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतहरूलाई निजामती सेवाअन्तर्गतको समूहीकृत नगरिएको एवं विशिष्टकरण पनि नगरिएको सचिव पदमा बढुवाको लागि सम्भाव्य उम्मदवार नै बन्न नमिल्ने भनी बाहेक गर्न मिल्ने नदेखिने ।

निजामती सेवाको सामान्यज्ञ (Generalist) अन्तर्गतको सचिव पदमा निजामती सेवाकै विशिष्टिकृत सेवाअन्तर्गत कार्यरत् विशेषज्ञ (Specialist) रूपमा रहेको न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतहरूलाई बढुवा गर्न नमिल्ने भनी अर्थ गर्ने हो भने निजामती सेवाको नीति निर्माण एवं नेतृत्व तहको सचिव पदमा निजामती सेवाको कुनै खासखास सेवामा कार्यरत् कर्मचारीहरूको मात्र वर्चस्व कायम हुन जाने र अर्को सेवा चाहिं सो अवसरबाट सदाका लागि बञ्चित हुन जाने अवस्था सिर्जना हुन जाने ।

विपक्षी निकायहरूको गलत बुझाई एवं कानूनको गलत व्याख्याबाट निजामती सेवा ऐनले भेदभाव नगरेको अवस्थामा पनि निवेदकहरूलाई भेदभाव गरेको र निजहरूको सचिव पदमा बढुवा हुन पाउने हकलाई इन्कार गरेको प्रष्ट देखिन आउँदा निवेदकहरू उपर कुनै भेदभाव नगरेको स्थितिमा कुनै एउटा प्रयोजनको लागि गरिएको कानूनी प्रावधानको अर्को अर्थ लगाई अपव्याख्या गरी विपक्षी निकायहरूले दिएको लिखित जवाफबाट समेत निवेदकहरूले भने जस्तै निजामती सेवाको सचिव पदमा बढुवा गर्दा निजहरू उपर भेदभावको व्यवहार नभएको भन्न नमिल्ने ।

निजामती सेवा ऐन, २०४९ को दफा ६ को उपदफा (१क) को नेपाल न्याय सेवाको पदमा बाहेक अन्य सेवाको भन्ने वाक्यांशले निवेदहरूलगायत न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीमा कार्यरत् कमचारीहरूलाई दफा १९ बमोजिम सचिव पदमा बढुवा हुन नपाउने गरी बन्देज लगाएको वा प्रतिकूल व्यवस्था गरेको भन्ने नदेखिएको, बरू सो वाक्यांश नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीभन्दा माथि पनि समूह रहन सक्ने प्रयोजनका लागि मात्र प्रयुक्त भएको देखिएको, त्यसरी न्याय सेवामा राजपत्राङ्कित प्रथम श्रेणीभन्दा माथि पनि समूह रहने भन्ने व्यवस्थाले दफा १९ बमोजिम सचिव पदमा बढुवा हुनबाटै निवेदकहरूलाई रोक लगाएको भन्ने अर्थ र व्याख्या गर्न नमिल्ने हुँदा उक्त वाक्यांश संविधानप्रतिकूल वा भेदभावजन्य भन्ने नदेखिने ।

नेपाल न्याय सेवा बाहेक अन्य सेवाहरूको लागि निजामती कर्मचारीहरूको केन्द्रीय निकायको रूपमा रहेको सामान्य प्रशासन मन्त्रालयमा अभिलेख रहने कर्मचारीहरूको सोही मन्त्रालयबाट त्यस्तो अभिलेख झिकाई हेर्न सक्ने र नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको हकमा न्याय सेवा आयोगमा रहेको निजहरूको कार्य सम्पादन मूल्याङ्कन लगायतको अभिलेख झिकाई हेरी ऐनको दफा १९ बमोजिम निजामती सेवाको सचिव पदमा बढुवा प्रक्रिया प्रशस्त गर्नुपर्ने देखिँदा अब उप्रान्त सचिव पदमा बढुवा सिफारिश र बढुवा नियुक्ति गर्दा सोको लागि योग्य र सम्भाव्य नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू समेतलाई बढुवाको प्रक्रियामा समावेश गराई सिफारिश गर्नू, सो प्रयोजनको लागि न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको कार्य सम्पादन मूल्याङ्कनसहितको अभिलेख न्याय सेवा आयोग वा जो जोसँग बुझ्नु पर्ने हो बुझी मागी सचिव पदको बढुवाको लागि उम्मेदवार सिफारिश गर्ने निर्णय गर्नू र सो सिफारिशभित्र परेका उम्मदवारहरू मध्येबाट दफा १९ बमोजिम निजामती सेवाको सचिव

पदमा बढुवा गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन नियुक्ति, सरूवा र बढुवा) नियमहरू २०५१ को नियम ११ को उपनियम (१) को अन्तिम वाक्यमा रहेको "सम्बन्धित समूहका" भन्ने व्यवस्था नेपाल न्याय सेवाका सबै समूहका राजपत्राङ्कित सबै श्रेणीका पदहरूमा कार्यक्षमताको आधारमा बढुवा गर्नको लागि सम्भाव्य उम्मेदवार निर्धारण गर्ने प्रयोजनका लागि गरिएको देखिन्छ । त्यसैले सो व्यवस्थालाई न्याय सेवाभित्रको कुनै एउटा समूह वा सो समूह अन्तर्गतको राजपत्राङ्कित कुनै एउटा श्रेणी वा पदको हकमा मात्र लागू हुने व्यवस्था भनी निरपेक्ष रूपमा हेर्न र अर्थ गर्न मिल्दैन । उक्त व्यवस्था न्याय सेवाको राजपत्राङ्कित तृतीय श्रेणीदेखि माथिका सबै श्रेणी र पदहरूमा समान रूपमा लागू हुने सामान्य व्यवस्था भन्ने देखिने ।

न्याय सेवाभित्र समूह प्रणाली कायम रहेसम्म नियम ११(१) को अन्तिम हरफमा प्रयुक्त "सम्बन्धित सेवाका भन्ने वाक्यांशको उपस्थिति वा विद्यमानतालाई नकार्न सकिदैन । यदि सो वाक्यांश झिकिदिने हो भने न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा र बढुवा) नियमहरू २०५१ को समग्र उद्देश्य र संरचना नै खलबलिन जाने देखिन्छ । त्यसैले न्याय सेवाभित्र समूह प्रणालीको औचित्यलाई अन्यथा नगरेसम्म उक्त वाक्यांशलाई भेदभावपूर्ण वा अनावश्यक मान्न सकिने अवस्था नहुने ।

न्याय सेवाभित्रको राजपत्राङ्कित तृतीय श्रेणीदेखि माथिका सबै श्रेणी र पदहरूमा कार्य सम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवाको लागि सम्भाव्य उम्मेदवार तोक्नको लागि सामान्य रूपमा राखिएको सो व्यवस्थालाई प्रस्तुत रिट निवेदनको रोहबाट बदर गर्न मनासिब पनि नहुँदा निवेदकहरूले न्याय सेवाअन्तर्गत कायम रहेको समूह प्रणालीलाई स्वीकार गरेको अवस्थामा सो प्रणालीलाई नै धराशायी हुने गरी नियम ११(१) को अन्तिम हरफमा प्रयुक्त सम्बन्धित समूहका भन्ने वाक्यांश झिक्न वा बदर गर्न नमिल्ने हुँदा "सम्बन्धित समूहका" भन्ने वाक्यांश बदर गरिपाऊँ भन्ने हदसम्मको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल मंसिर २१ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** दे.पु.नं. ०६८-CI-०१५२, अंश चलन, *किसमाया भुजू समेत वि. नगेन्द्रभक्त भुजू*

वादी किसमायालाई दावीको कि.नं. ८८१ र ८९१ को जग्गा हालैको बकसपत्र गरिदिने व्यक्तिहरू नाताभित्रकै व्यक्ति भए पनि २०१५ सालमा नै भिन्न भैसकेका व्यक्तिहरू हुन् भन्ने तथ्य पुष्टि हुन आएको अवस्थामा उक्त जग्गाहरू सगोलका अंशियारहरूबाट पाएको भनी अन्य अंशियारलाई बण्डा लाग्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा दावीको कि.नं. ८८१ र ८९१ को जग्गा हालैको बकसपत्रको व्यहोरा उल्लेख भएको भन्ने कारणले मात्र पैतृक स्रोतबाट प्राप्त हुन आएका यी कि.नं. ८८१ र ८९१ को जग्गा बण्डा नलाग्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** पुनरावेदन नं. ०६५-CR-०१६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हरिश्चन्द्र कुर्मी समेत*

मृतकले पल्टन कुर्मीको अरहर काटेको विषयमा यी प्रतिवादीलाई रिस उठ्नुपर्ने कुनै तर्कसङ्गत कारण समेत मिसिलबाट खुल्न नआएकोले निज प्रतिवादी हरिश्चन्द्र कुर्मीलाई कसूरदार ठहर गर्नु न्यायसङ्गत नहुने ।

पूर्व योजना बनाई वा आपराधिक मनसायकासाथ पल्टन कुर्मी र राजेश कुर्मीले मृतकलाई कुटपीट गरेको नदेखिएको, मृतकले अरहर काटिदिएको विषयमा झगडा भई सामान्य लाठी मुक्काले हान्दा सोही चोट पीरका कारणले मृतक सुरत कुर्मीको मृत्यु भएको कुरा मिसिलबाट प्रमाणित भएको पाइँदा प्रतिवादी पल्टन कुर्मी र राजेश कुर्मीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्नु कानूनसंगत् र न्यायसंगत् नहुने ।

प्रतिवादीमध्येका हरिश्चन्द्र कुर्मीलाई अभियोग दावीबाट सफाइ दिई प्रतिवादी पल्टन कुर्मी तथा राजेश कुर्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम जनही १० वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६८-WO-०९७२, उत्प्रेषण समेत, *प्रो. हरेन्द्र साह वि. नेपाल आयल निगम लि. केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं समेत*

वैकल्पिक उपचारको रूपमा पुनरावेदकीय मार्ग अवलम्बन गरी त्यसको नौ दिन समेत व्यतीत नहुँदै दायर भएको प्रस्तुत रिट निवेदनबाट पुनरावेदनको रोहमा विचाराधीन रहेको विषयवस्तुमा असर पर्ने गरी हस्तक्षेप गर्न र बोल्न नमिल्ने हुँदा जग्गाको मापदण्ड नपुगेको सम्बन्धमा सोधिएको स्पष्टीकरण र दिएको जवाफसम्बन्धी आधारभूत तथ्य लुकाई निवेदन दिएको, नेपाल आयल निगम लिमिटेड बिक्रेता विनियमावली, २०६५ को विनियम ८(१)(क) बमोजिम बिक्रीस्थल रहेको जग्गाको मापदण्ड नपुगेको र नेपाल आयल निगमले बिक्रेता खारेज गर्ने गरी गरेको निर्णयउपर विनियमावलीकै व्यवस्थाबमोजिम पुनरावेदन परी सञ्चालक समितिसमक्ष उक्त पुनरावेदन विचाराधीन रहिरहेको अवस्थामा उक्त पुनरावेदनमाथि असर पर्ने गरी निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६८-WO-०६६७, उत्प्रेषण समेत, *भीमेश्वर सप्लायर्स एण्ड सरसफाइ प्रा.लि. सिनामंगलका तर्फबाट ऐ.का सञ्चालक रत्नबहादुर राउत वि. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालय, काठमाडौं समेत*

सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ मा कालोसूचीमा राख्ने अवस्था र आधारहरूका सम्बन्धमा उल्लेख भई निवेदकका सम्बन्धमा सो प्रक्रिया आरम्भसम्म भएको देखिए पनि निर्णय भैसकेको अवस्था नदेखिएको र गैरकानूनी निर्णय भई निर्णयमा चित्त नबुझ्ने अवस्था भएमा कानूनबमोजिम उपचार खोज्न सक्ने निवेदकको हक सुरक्षित नै हुँदा कानूनबमोजिम अख्तियारप्राप्त निकायले अघि बढाएको कारवाही निष्कर्षमा पुग्न नदिई बीचैमा रोकिहाल्नु पर्ने अवस्था र स्थिति नदेखिने ।

निवेदकले निजलाई कालो सूचीमा राख्न नपर्ने कुराको कानूनी र तथ्यगत आधार सोही स्पष्टीकरण प्रक्रियाबाटै राख्न सक्ने र सम्बन्धित निकायबाट स्पष्टीकरणमा उठाएका विषयहरूलाई समेत हेरी बुझी कानूनबमोजिम निर्णय हुनसक्ने अवस्था बाँकी नै रहेकोले कुनै निर्णय हुन नपाउँदैको अपरिपक्व स्थितिमा अनुमानको भरमा यस अदालतबाट रिट क्षेत्रबाट हस्तक्षेप गरी अन्यथा गर्न नमिल्ने भै आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिन नआएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६८-WO-१०४१, उत्प्रेषण समेत, *का.जि.का.न.पा. वडा नं. ३४ बस्ने गोरखा बडिमालिका जे.भी. कम्पनीको तर्फबाट अख्तियारप्राप्त विजय मल्ल वि. सार्वजनिक अनुगमन कार्यालय, ताहाचल, काठमाडौं समेत*

सार्वजनिक पूर्वाधारको निर्माण गर्ने जिम्मेवारी लिने पक्षले तोकिएको समयमा, तोकिएको गुणस्तर कायम गर्दै सम्झौताबमोजिमको कार्य गर्नु कानूनी र नैतिक दायित्व पनि हो । अझ हाम्रोजस्तो भौतिक पूर्वाधारको अपर्याप्तता खड्किएको विकासोन्मुख मुलुकमा द्रुततर रूपमा भौतिक पूर्वाधार विकास गर्दै लैजानुपर्ने टड्कारो आवश्यकता रहेको वस्तुतथ्यलाई यस क्षेत्रमा संलग्न सबैले हृदयंगम गर्नुपर्ने हुन्छ । आफ्नो निर्वाह गर्न हरसम्भव प्रयास गर्दागर्दै पनि काबु

बाहिरको परिस्थिति पर्न गई कार्य सम्पन्न हुन नसक्नु अर्कै स्थिति हो तर यसको लागि प्रयास गरेको समेत पनि नदेखिनुलाई उचित मान्न नसकिने ।

निवेदक कम्पनीले शुरू सम्झौतामा उल्लेख भएको २० महिना र सोपछि पटक-पटक गरी तीन पटकसम्म थप गरिएको दुई वर्षभन्दा पनि बढी अवधिमा समेत पचास प्रतिशतभन्दा बढी निर्माण कार्य गर्न सकेको भन्ने नदेखिएकोले उक्त कानूनी व्यवस्थाबमोजिम सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना गरेको मान्न सकिने अवस्था नभएकोले कालो सूचीमा राख्ने गरी भएको निर्णय अन्यथा नहुँदा सार्वजनिक खरीद अनुगमन कार्यालयबाट निवेदक कम्पनीलाई कालो सूचीमा राख्ने गरी मिति २०६९।१।१४ मा भएको निर्णय तथा सोबमोजिम मिति २०६९।१।१५ को गोरखापत्र दैनिकमा प्रकाशित सूचना समेत कानूनसम्मत नै देखिएको र सो निर्णय तथा कामकारवाहीबाट निवेदकको संविधान तथा कानूनप्रदत्त कुनै पनि हकाधिकार हनन् भएको अवस्थासमेत नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. २०६८-WH-००८३, बन्दीप्रत्यक्षीकरण, *दीपनारायण श्रेष्ठ वि. बर्दिया राष्ट्रिय निकुञ्ज समेत*

म्याद तामेली प्रक्रियाको उद्देश्य सम्बन्धित व्यक्तिलाई निजउपर लागेको अभियोग वा निजउपर परेको अन्य कुनै दावीको विषयमा यथा समयमै सुसूचित गराई आफ्नो प्रतिरक्षा गर्न पर्याप्त मौका प्रदान गर्नु नै हो । यस सन्दर्भमा म्याद तामेलीसम्बन्धमा यान्त्रिक नियम लागू भयो भएन भन्ने कुरा महत्त्वको विषय नभई सम्बन्धित व्यक्तिले त्यस्तो सूचना यथा समयमा प्राप्त गर्न चाहिं महत्त्वको हुन्छ र यसबारे विशेष विचार गरिने हुँदा निवेदकलाई प्रतिवादको मौकाबाट नै बञ्चित गर्ने गरी कुनै कामकारवाही भएको भन्न सक्ने अवस्था नदेखिएको हुँदा साधिकार निकायबाट भएको फैसलाबमोजिम लागेको कैद असूल गर्नका लागि निवेदक दीपनारायण श्रेष्ठलाई कैदमा पठाएको देखिन आएकाले मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असोज २८ गते रोज १ शुभम् ।

- यसै लगाउको रिट नं. २०६८-WO-१२२८, उत्प्रेषण परमादेश, दीपनारायण श्रेष्ठ वि. बर्दिया राष्ट्रिय निकुञ्ज, ठाकुरद्वारा बर्दिया समेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्र.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. ०६६-CI-१०६२, घर खाली गराई चलन चलाई पाऊँ, *विनोद राजभण्डारी वि. निरज राजभण्डारी समेत*

कि.नं. ७०४३ को ०-०-५½ धुर जग्गा र सो तर्फ पर्ने घरको भाग समेतमा मिति २०६४।४।३ को लिखत (राजीनामा) बाटै पुनरावेदक वादीको हक स्थापित भएकोलाई प्रत्यर्थी प्रतिवादीले अन्यथा भन्न सक्ने अवस्था पनि छैन । वादीको हकको घरमा प्रतिवादी बसिरहेको भन्ने देखिएको र सोलाई प्रतिवादीले पनि स्वीकार गरेको देखिएको अवस्थामा साविक कि.नं. २१५ को ०-०-११ जग्गामा बनेको घरमध्ये आधा घर अर्थात् वादीको हक भएको कि.नं. ७०४३ को ०-०-५½ जग्गातर्फ परेको घरबाट प्रतिवादीलाई उठाई वादी दावीबमोजिम चलन चलाई पाउने नै देखिँदा वादी दावीबमोजिम कि.नं. ७०४३ को ०-०-५½ मा पर्ने पूरै घर खाली गराई चलन चलाई पाउने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६५-CR-०४२८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पवित्रीदेवी मुखिया समेत*

जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा आफैंले दिएको जाहेरीमा उल्लेख भएको कुरालाई इन्कार गरी बकपत्र गरेको हुँदा प्रतिवादीहरूको मौकाको साविती बयानको प्रमाणिकता एकातर्फ शंकास्पद हुन पुगेको देखिन्छ भने अर्कोतर्फ निज प्रतिवादीहरूको साविती बयानलाई पुष्टि गर्ने कुनै पनि स्वतन्त्र एवं प्रत्यक्ष प्रमाणहरू मिसिल संलग्न नदेखिँदा आधारहीन अनुमान वा आशंकालाई मात्र अदालतले प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

प्रतिवादीको कसूरमा साविती वा इन्कारी कथनले मात्र प्रमाणको स्थान लिने नभई निजको सो बयान स्वतन्त्र प्रमाणबाट पुष्टि भए मात्र अदालतले निजलाई कसूरदार ठहऱ्याउन मिल्ने ।

मृतक लक्ष्मी खनालको गोली प्रहारबाट मृत्यु भएको तथ्य निर्विवाद भए पनि सो गोली प्रहार गर्ने व्यक्ति को हुन् भनी वारदात भएको देख्ने प्रत्यक्षदर्शी व्यक्तिको अभाव रहेको, वारदातमा प्रयोग भएको भनिएको बन्दुक यी प्रतिवादीहरूबाट बरामद हुन नसकेको तथा प्रतिवादीहरूको मौकाको साविती बयान कुनै पनि स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरू विरूद्ध लगाइएको अभियोग शंकारहित, विवादरहित एवं अन्य कुनै पनि विश्वसनीय र ठोस प्रमाणबाट प्रमाणित हुन सकेको नदेखिँदा तथ्यपूर्ण एवं निश्चयात्मक प्रमाणको अभावमा प्रतिवादीहरूले सफाइ पाउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६५-WO-०१५७, उत्प्रेषणमिश्रित परमादेश, *सुमित्रादेवी कनुइन समेत वि. मालपोत कार्यालय, पर्सा वीरगञ्ज समेत*

अदालतको कामकारवाहीको प्रक्रियालाई नियमित गर्ने, अदालतको क्षेत्राधिकार तोक्ने, हदम्याद निश्चित् गर्नेसम्बन्धी कानूनका व्यवस्थाहरू कायविधिसम्बन्धी कानूनहरू हुन् । कार्यविधि कानूनले तोकेको प्रक्रियाअनुसार निर्णय गर्दा व्यक्तिको सारवान हकमा असर पर्नु स्वाभाविक हुन्छ, त्यसरी अदालतबाट उपचार प्रदान गर्दा सारवान हकमा असर पर्दैमा कार्यविधिसम्बन्धी कानूनलाई कार्यविधि कानून होइन भन्न मिल्दैन । अधिकार र उपचारको सम्बन्ध अन्योन्याश्रित हुन्छ । उपचार बिनाको अधिकारको अर्थ हुँदैन । अदालतको फैसला कार्यान्वयन गरी पाउने अधिकार कार्यान्वयन हुन अनिवार्य भएकोले मुद्दा चल्दाचल्दैको अवस्थामा भएको लेनदेनलाई बदर गराउन न्याय प्रशासन ऐन अन्तर्गत पुनः शुरू फिराद गर्नुपर्ने दोहोरो झन्झटबाट मुक्त गरी जिल्ला अदालत नियमावलीको नियम ७८क ले सहज उपचारको मागसम्म प्रशस्त गरेकोले कानूनी उपचार प्रदान गर्दा सारवान हकमा असर पर्छ भन्ने आधारले कार्यविधिसम्बन्धी कानूनलाई कार्यविधि कानून होइन भन्न नमिल्ने ।

कर लगाउने विषय प्रतिवादीहरूलाई सुविधा दिने वा सजाय कम गर्ने विषय तथा कार्यविधि कानूनको निर्माणलगायतका सम्बन्धमा पश्चात्दर्शी असर हुने गरी कानून बन्नमा रोक लगाएको पाइदैन । कार्यविधिसम्बन्धी कानूनले व्यक्तिलाई दण्ड सजाय गर्ने वा व्यक्तिको हक अधिकारको सिर्जना नगर्ने हुँदा कार्यविधिसम्बन्धी कानूनलाई कानून लागू भएको मितिभन्दा अगाडिदेखि नै लागू हुने गरी अर्थात् पश्चात्दर्शी असर (Restrospective Effect) हुने गरी लागू गर्न सकिन्छ भन्ने मान्यता स्थापित छ। यस सम्बन्धमा निम्न मुद्दाहरूमा यस अदालतबाट भएको फैसलाहरूलाई दृष्टान्तको रूपमा ग्रहण गर्न सकिने हुन्छ ।

तुलसीराम उयाध्याय तिमिल्सिना विरूद्ध रनध्वज, (*नेकाप* २०२८ नि.नं. ५८२, मोहियानी हक कायम गरिपाऊँ) भन्ने मुद्दामा यस अदालतबाट “कुनै व्यक्तिको हक अधिकार प्रचलन गराउन कार्यविधि तोक्ने ऐन वा कुनै अधिकार हनन् भएकोमा सो हनन् भएको वा आघात भएको हक अधिकार प्रचलन गराउने व्यवस्था गर्ने ऐनलाई कार्यविधिसम्बन्धी ऐन भनिने । कार्यविधि ऐनको पश्चातदर्शी असर गरी प्रयोग गर्न मिल्ने ।... मुद्दा छिन्दाका बखत लागू भएको नयाँ ऐन अन्तर्गतको अड्डा अदालतमा मुद्दा छिन्दैमा स्वतः गैरकानूनी करार गर्न नहुनू भन्ने निर्णय भएको पाइन्छ । त्यसैगरी उत्तम लामा विरूद्ध नेपाल सरकार, (*नेकाप* २०६१, नि.नं. ७४३२) मुद्दा जीउ मास्ने बेच्ने मुद्दामा “प्रमाणसम्बन्धी विषयमा तथा कार्यविधिका सम्बन्धमा पश्चातदर्शी असर (Restrospective Effect) दिई बनाइएका कानूनलाई (Expost facto Law) सम्बन्धी अवधारणामा विपरीत

निर्माण गरिएको कानून भन्न नमिल्ने।" भन्ने समेत निर्णय भएको पाइन्छ। बिकास राउन कुर्मी विरूद्ध नीरबहादुर श्रेष्ठको जाहेरीले नेपाल सरकार भएको मुद्दामा (*नेकाप* २०४९ नि.नं. ६३४९ नि.नं. ४६३१) "अदालतबाट निर्णय हुनुभन्दा अगाडि नै कार्यविधिसम्बन्धी कानूनी व्यवस्थामा संशोधन भएपछि सो कार्यविधि पालना नगरी फैसला गरेकोलाई कानूनसंगत् मान्न नमिल्ने" भन्ने समेत व्याख्या भैरहेको पाइन्छ। यसबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क कार्यविधिसम्बन्धी कानून भएको र कार्यविधि सम्बन्धी कानूनलाई पश्चात्दर्शी असर हुने गरी लागू गर्न सकिने।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क को उद्देश्य फैसला कार्यान्वयनमा हुने ढिलाईलाई न्यून गरी मुद्दाका पक्षहरूलाई हुने अनावश्यक हैरानीलाई कम गर्नु रहेको र प्रस्तुत कानूनी व्यवस्था मुद्दाको कामकारवाहीलाई व्यवस्थित गर्ने कार्यविधिसम्बन्धी नियम भएको हुँदा प्रस्तुत नियमको व्यवस्था लागू हुनुभन्दा अगाडिको मितिमा हक हस्तान्तरण भएको कारणले मात्र सो सम्बन्धमा परेको निवेदनको तथ्यभित्र प्रवेश नगरी निवेदनलाई नै अस्वीकार गर्न मिल्ने नदेखिने।

निवेदकहरूले अदालतको अन्तिम फैसला कार्यान्वयनको अवस्थाको विभिन्न व्यक्तिको नाममा भएका हक हस्तान्तरणको दर्ता बदर गरी राष्ट्रिय वाणिज्य बैंकबाट भएको रोक्का फुकुवा गरिपाऊँ र फैसलाबमोजिम आफ्नो नाममा दाखिल खारेज दर्ताको पूर्जी पाऊँ भनी दिएको निवेदनमा निवेदनको तथ्यभित्र प्रवेशै नगरी सबूद प्रमाण नै नबुझी जिल्ला अदालत नियमावली, २०५२ मा मिति २०५९।४।२० मा तेस्रो संशोधन हुनु अघि जग्गाको हक हस्तान्तरण सम्बन्धमा जिल्ला अदालत नियमावलीको नियम ७८क को कानूनी व्यवस्था आकृष्ट नहुने भनी पर्सा जिल्ला अदालतबाट मिति २०६४।९।२४ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६५।५।२० मा भएको आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क मा भएको कानूनी व्यवस्थाको प्रतिकूल देखिएको र उक्त आदेशहरूले निवेदकहरूको यस सर्वोच्च अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयन गरी पाउने अधिकारमा असर परेको देखिँदा जिल्ला अदालतबाट मिति २०६४।९।२४ मा भएको आदेश र सो आदेशलाई अ.बं. १७ नं. को निवेदनको रोहबाट सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६५।५।२० मा भएको आदेश उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ। अब निवेदकहरूबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क अनुसार परेको निवेदनमा जो जे बुझ्नु पर्ने हो, बुझ्नुपर्ने सबूद प्रमाण सबै बुझी निर्णय गरी चित्त नबुझ्ने पक्षलाई पुनरावेदनको म्याद दिनुपर्ने भए दिई कारवाही र किनारा गर्नू भनी विपक्षी पर्सा जिल्ला अदालतको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-०००३, कर्तव्य ज्यान, नकबजनी चोरी, *नेपाल सरकार वि. चन्द्रबहादुर कार्की*

मृतक शम्शेरमाया राईको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरा मृतकको शव परीक्षण प्रतिवेदनबाट स्थापित भएको छ। चन्द्रबहादुर कार्कीले मृतकको घरबाट चोरी गरी लगेको सुन खरीद गर्ने लक्ष्मण वि.क. घिमिरेले अनुसन्धान अधिकारी तथा शुरू अदालतसमक्ष उपस्थित भई प्रतिवादी चन्द्रबहादुर कार्कीले मृतकले लगाएको गहना बिक्री गर्न ल्याएको र आफूले खरीद गरेको भनी किटानी बकपत्र गरेको देखिन्छ। चन्द्रबहादुर कार्कीले मृतकको घरबाट चोरी गरी लगेको रकमबाट खरीद गरेको भनेको सोलार, मोबाइल समेत बरामद भई अदालतमा पेश भएको पाइन्छ। मौकामा कागज गर्ने प्रतिवादी चन्द्रबहादुर कार्कीका भिनाजु रामबहादुर कुँवर समेतले अदालतसमक्ष चन्द्रबहादुर कार्कीले शम्शेरमायालाई कर्तव्य गरेको सुनी थाहा पाएँ भन्ने बकपत्र समेतले अभियोग दावीलाई पुष्टि गरेको हुँदा मृतक शम्शेरमाया राईलाई यी प्रतिवादी चन्द्रबहादुर कार्कीले हत्या गरी नगद तथा सुन समेत चोरी गरी लगेको भन्ने अभियोग दावी शंकारहित तवरबाट पुष्टि भएको देखिँदा प्रतिवादी चन्द्रबहादुर कार्कीलाई कर्तव्य ज्यानको कसूर

अपराधमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद तथा नकबजनी चोरीको कसूर अपराधमा चोरीको १४(१) नं. बमोजिम कैद र बिगो तथा बिगोबमोजिम जरीवाना समेत हुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल कात्तिक २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-०००७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिश्री परियार*

मृत्युको सम्बन्धमा तत्काल बुझिएका व्यक्तिहरूले मृतक र प्रतिवादी सम्धिनी-सम्धिनी भई रिसइवी रहेको व्यहोरा उल्लेख गरेको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयानलाई बरामद हँसिया एवं घटनास्थल मुचुल्कालगायतका पोष्टमार्टम रिपोर्ट समेतले पुष्टि गरेको हुँदा प्रतिवादी मिश्री परियारले आफ्नो बारेमा दुर्वाच्य बोल्ने सम्धिनीलाई देख्नासाथ उठेको रिस थाम्न नसकी सामान्य ढुङ्गा समेतले कुटपीट गर्दा मृतक मानकुमारीको मृत्यु भएको भन्ने पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.र १३(३) नं. बमोजिमको कसूर अपराधमा सोही महलको दफा १३(३) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादीको मौकाको साविती बयान र सोलाई पुष्टि गर्ने परिस्थितिजन्य प्रमाणहरू कसूर ठहर गर्न पर्याप्त भए पनि वारदातको प्रत्यक्षदर्शी साक्षीहरू कोही नभएको र मृतकलाई देखेपछि पहिलेदेखि दुर्वाच्य बोलेकोमा रिस रहेकोले सोही रिसको आवेशमा कर्तव्य गरेको भन्ने प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान रहेको देखिँदा रिसको आवेग थाम्न नसकी मृतकलाई कुटपीट गर्दा मृतकको मृत्यु हुन गएको र मृतकको मृत्यु भइसकेपछि हँसिया समेतले प्रहार गरेको हो कि भन्ने देखिन आएकोले वारदात घट्दाको अवस्था र पृष्ठभूमिलाई विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय दिँदा चर्को पर्ने देखिएकोले प्रतिवादी मिश्री परियारलाई १०(दश) वर्षसम्म कैद सजाय पर्याप्त हुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल कात्तिक २४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-०५९९, अंश चलन, *मचाकाजी सुवाल महर्जन समेत वि. सुती भन्ने मिला सुवालको संरक्षक भई आफ्नो हकमा समेत तिमिला सुवाल*

मानाचामल मुद्दा दायर भई विचाराधीन रहेको अवस्थामा अचल सम्पत्ति केही नलिई नगदसम्म बुझी भरपाई गरी अंश भरपाई गरेको देखिँदा वादीलाई अंश हकबाट बाहेक गर्ने उद्देश्यले प्रमाण सिर्जना गर्नका लागि प्रतिवादीहरूले अंश बुझेको भरपाई खडा गरेको मान्नु पर्ने हुन आएकोले वादीहरूको हकमा सो अंश भरपाईलाई मान्यता दिई अंश हकबाट बञ्चित गर्न नमिल्ने हुँदा वादीका पतिले अंश बुझिसकेको हुँदा अन्य अंशियारले अंश दिनु नपर्ने भन्ने प्रतिवादीहरूको जिकीर मनासिब नदेखिने ।

कि.नं. ५८ को जग्गा प्रतिवादी इन्द्रदेवीले बकसपत्रबाट पाएको भए पनि निजका छोरा सुरेश महर्जन सुवालको लागि पैतृक सम्पत्ति मान्नु पर्ने हुँदा सुरेश महर्जन सुवालको अंशबाट यी वादीहरूले कानूनबमोजिम बण्डा पाउने भएकोले उक्त कि.नं. ५८ को जग्गा र सोमा बनेको घर समेतबाट वादीहरूले अंश पाउने हुँदा कि.नं. ५८ को घर जग्गा समेतबाट सगोलको सम्पत्तिलाई पाँच भाग लगाई पाँच भागको एक भागमध्ये छ खण्डको दुई खण्ड वादीहरूले अंश पाउने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल असोज १० गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-WO-०३५०, उत्प्रेषणयुक्त

परमादेश, *सोभितलाल यादव वि.अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौं समेत*

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले शिक्षा मन्त्रालय, शिक्षा विभाग एवं सो अन्तर्गतका क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालय समेतलाई शिक्षक शिक्षिकाको सरूवा गर्ने अधिकार प्रदान गरी तत्सम्बन्धी प्रक्रियाका बारेमा उल्लेख गरेको देखिन्छ। निवेदकको सरूवा कानूनविपरीत भएको देखिएको अवस्थामा पनि शिक्षा मन्त्रालय, शिक्षा विभाग वा सो अन्तर्गत अख्तियारप्राप्त अधिकारीबाट प्रचलित कानूनबमोजिम त्यस्तो सरूवा बदर गर्न सक्ने।

अनुचित कार्य भए गरेको ठहरेको अवस्थामा मात्र दफा १२ख बमोजिम सोको दुष्परिणाम सच्याउन सम्बन्धित निकायलाई लेखी पठाउने अवस्था हुन्छ। तर आयोगको निर्णयबाट जिल्लान्तर सरूवा गरेको कार्यलाई अनुचित कार्य ठहर नै नगरी आफैंले सरूवा बदर गर्ने निर्णय गर्ने अधिकार प्रत्यर्थी आयोगलाई उक्त अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनको दफा १२क वा १२ख ले दिँदैन। सोको अलावा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम आयोग कुनै पनि सरकारी निकायको नियमन र नियन्त्रण गर्ने संस्था नभई सो सरकारी निकायबाट भएको "अनुचित कार्य" वा "भ्रष्टाचारजन्य कार्य" भए गरेको देखिएमा अनुसन्धान कारवाही गर्ने निकायसम्म भएको र स्वयंले कुनै निर्णय गर्न र सजाय गर्ने निकायको रूपमा रहेको देखिँदैन। आफ्नो अधिकार वा कार्यक्षेत्र नाघी गरेको कार्यलाई शक्तिको अधिक प्रयोग गरेको मान्नुपर्ने।

प्रत्यर्थी आयोगले सरकारी पदाधिकारी जिल्ला शिक्षा अधिकारीले अनुचित कार्य गरेको ठहर नै नगरी अनुचित कार्यको दुष्परिणाम सच्याउन आफैंले सरूवा रद्द गर्ने निर्णय गरेको र सोको कार्यान्वयन गर्न शिक्षा मन्त्रालयलाई लेखी पठाएको भन्ने उक्त मिति २०६८।३।६ को आयोगको निर्णय र कामकारवाही ऐनको दफा १२ख को कार्यक्षेत्र भन्दा बाहिर गै शक्तिको अधिक प्रयोग (Use of Exessive Power) भएको देखिन गएकोले सो कार्यलाई कानूनअनुरूपको कार्य मान्न नमिल्ने।

आफूमा रहेको अधिकारभन्दा बढी अधिकार प्रयोग (Use of Excessive Power) गरेको देखिएमा वा अधिकारको अतिक्रमण गरेको भएमा वा नभएको अधिकार प्रयोग गरेको अवस्थामा सो कार्यबाट कसैको संविधान एवं कानूनप्रदत्त हक अधिकारमा आघात परेको देखिन आए त्यस्तो निर्णय वा कामकारवाही बदरयोग्य हुने हुँदा निवेदकको सरूवा रद्द गर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।३।६ को निर्णय एवं सो आधारमा जिल्ला शिक्षा कार्यालय, कालीकोटको मिति २०६८।४।३१ को पत्र समेत कानूनविपरीतको देखिई सो कामकारवाहीबाट निवेदकको संवैधानिक हकाधिकारमा आघात पुग्न गएको देखिएकोले उक्त निर्णय र पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ ले तोकेको विधि र प्रक्रिया अपनाई शिक्षक शिक्षिकाको सरूवा हुनुपर्नेमा कसैको दुईमत हुन सक्तैन। निवेदकको सरूवाको सम्बन्धमा पनि कानूनी प्रक्रिया नपुगेको भए सो प्रक्रिया पूरा गरी आधिकारिक निकायबाट सरूवासम्बन्धी निर्णय र कारवाही हुनसक्ने नै हुँदा सो नभएसम्म निवेदकलाई हाल कार्यरत रहेकै सिराहा जिल्लाअन्तर्गतको विद्यालयमा यथावत् कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०३७६, उत्प्रेषणयुक्त परमादेश, *रमेशबहादुर बस्नेत वि. प्रहरी प्रधान कार्यालय, केन्द्रीय प्रहरी विशेष कार्यदल, नक्साल, काठमाडौं समेत*

निवेदकले आफू बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको कुरालाई स्वीकारै गरेको देखिएको, श्रीमतीको उपचारको लागि आफू कार्यालयमा अनुपस्थित रहेको भन्ने जिकीर लिए पनि के कुन अस्पतालमा के कस्तो रोगको उपचार गराएको हो सो तथ्ययुक्त प्रमाण निवेदकले पेश गर्न नसकेको, निवेदकलाई सेवाबाट हटाउने गरी प्रहरी प्रधान

कार्यालय, नक्सालबाट मिति २०६४।६।३ मा भएको निर्णय बदर गरिपाऊँ भनी उक्त निर्णय भएको २ वर्षपछि मात्र यी रिट निवेदक प्रस्तुत रिट निवेदन लिई आएको देखिएको ढिलो गरी अदालत प्रवेश गर्नुपर्नाको तथ्ययुक्त मनासिब कारण र सो पुष्टि हुने यथोचित प्रमाण निवेदकले पेश गर्न सकेको नदेखिएकोले निवेदक अनुचित विलम्ब गरी अदालत प्रवेश गरेको देखिएकोले विलम्बको सिद्धान्त समेतको आधारमा मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ ११ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको CI-०७८३, लिखत बदर, *थर्कबहादुर मल्ल ठकुरी वि. होमबहादुर मल्ल ठकुरी समेत*

पुनरावेदन अदालत, बुटवलबाट फैसला गर्दा मुलुकी ऐन, अंशबण्डाको १९(१) नं. को कानूनी व्यवस्था उल्लेख गर्दै पिता पुर्खाको पालाको अचल सम्पत्ति प्रतिवादीले आफूखुश गर्न पाउने नै हुन्छ भन्ने उल्लेख गरेको देखिन्छ । तर अंशबण्डाको १९(१) नं. मा पिता पुर्खाको पालाको सबै अचल सम्पत्ति आफूखुश गर्न पाउने नभै चलमा सबै, अचलमा आधिसम्म सम्पत्ति व्यवहार चलाउनलाई अंशियारको मञ्जूरी नभए पनि आफूखुश गर्न पाउने भन्ने व्यवस्था हो । पुनरावेदन अदालतबाट भएको फैसलामा उल्लेख भए जस्तो बिक्री व्यवहार गर्न घरको मुख्य व्यक्तिले व्यवहार चलाउन कानूनले निर्धारण गरेभन्दा बढी अचल सम्पत्ति सबै आफूखुश गर्न पाउने व्यवस्था अंशबण्डाको १९(१) नं मा नभएको र साथै उक्त सम्पत्ति हक छाडी दिँदा वादीको मञ्जूरी समेत लिएको नदेखिँदा वादी थर्कबहादुर मल्ल ठकुरीले प्रतिवादी होमबहादुर मल्ल ठकुरीसमेत उपर अंश मुद्दा दिई मुद्दा चल्दाचल्दैको अवस्थामा यी वादीको समेत अंशहक लाग्ने संगोलको जग्गा निजको मञ्जूरी बिना बिक्री गरेको देखिँदा प्रतिवादीहरूबीच लिनुदिनु गरेको व्यवहार तथा सोको रजिष्ट्रेशन पास भएको लिखत उल्लिखित अंशबण्डाको १९(१) को कानूनी व्यवस्था समेतको आधारमा नमिलेको हुँदा वादी दावीबमोजिम विवादित कि.नं. १४६२ को ३-८-०-० जग्गामध्ये ३ भागको १ भाग जग्गाको लिखत बदर भई वादीका नाउँमा दा.खा. दर्तासमेत हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल साउन २९ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको CR-०२२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भोलामान भन्ने भलामान विश्वकर्मा समेत*

मृतकलाई प्रहार गरेको अँगेरीको लठ्ठी घातक एवं जोखिमी हतियार थियो भन्ने नदेखिएको र प्रतिवादीले तत्काल उठेको रिसबाट प्रहार गरेको सोही साधारण लाठाको चोटबाट मृतकको मृत्यु भएको देखिन आएकोले निजको कसूर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको परिभाषाअनुसारको कसूर देखिन आउने ।

मृतकको मृत्यु प्रतिवादीहरूले पारी दिएको संयोग र प्रहारबाट भएको देखिए तापनि सो वारदात तत्काल उठेको रिसका कारण साधारण लाठाको प्रहारबाट भएको हुँदा यस्तो घटना एवं अपराधलाई ज्यानसम्बन्धी महलको ऐ. १४ नं. को अवस्था र परिभाषाबमोजिम रहेको हुँदा अभियोग दावी लिएकै कारण निज प्रतिवादीलाई १३(३) र १३ (४) नं. को कसूर हो भनी सजाय गर्न मिल्ने देखिएन । वारदातको रूप, अवस्था र प्रकृतिसमेतको विश्लेषणबाट प्रतिवादीहरूको कार्य अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) र १३ (४) नं. को कसूर अपराधभित्र पर्ने देखिन नआई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. भित्र पर्ने देखिन आएकोले शुरू फैसला केही उल्टी भई सोही महलबमोजिम सजाय हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल साउन २९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६४-CI-१०२२, निषेधाज्ञा परमादेश, *जिल्ला विकास समिति बाराको तर्फबाट*

*अख्तियारप्राप्त ऐ. का स्थानीय विकास अधिकारी भरतबहादुर ढुङ्गाना वि.ओम साई क्रसर उद्योग समेत*

मूल ऐनलाई कार्यान्वयन गर्न नियम र सोको अनुसूचीको व्यवस्थाले निर्देशित गर्न सक्दछ । तर ऐनमा नै कर दस्तूर आदि लिन पाउने भनी व्यवस्था नभएको विषयवस्तु र कुरालाई नियममा दर उल्लेख गरेको मात्र आधारमा सो कर दस्तूर आदि असूल गर्न मिल्ने हुँदैन । मूल ऐनमा भएको प्रावधान अध्ययन गर्दा गिट्टी, रोडा, बालुवा आदि विदेश निकासी गर्दा सिफारिश दस्तूर लाग्नेछ भन्ने र त्यस्तो सिफारिश बिना निकासी गर्न पाइँदैन भन्ने पनि देखिँदैन । यसरी कानूनमा नै स्पष्ट रूपमा कर दस्तूर आदि लिन पाउने व्यवस्था नभएको अवस्थामा सो कर दस्तूर आदि लगाउन र असूल गर्न मिल्दैन । ऐनको व्यवस्थालाई नियम र सोको अनुसूचीमा उल्लेख गरी समेट्न सक्छ तर नियमावलीअन्तर्गतको अनुसूचीमा उल्लिखित विवरण तथा व्यवस्थाले ऐनको व्यवस्थालाई प्रतिस्थापन गर्न सक्दैन । त्यसैले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१७ तथा ऐ. नियमावलीको नियम २०९ मा स्पष्ट व्यवस्था नभएको सिफारिश दस्तूर लिन पाउनेसम्बन्धी विषय अनुसूचीमा दर उल्लेख भएको आधारमा गिट्टी रोडा विदेश निकासी गर्दा प्रतिट्रिप रू. १,०००।- सिफारिश दस्तूर लिने कार्य कानूनसम्मत मान्न नमिल्ने ।

विदेश निकासी गर्दा जिल्ला विकास समितिबाट सिफारिश लिनुपर्ने व्यवस्था कानूनमा नै व्यवस्थित हुनु पर्दछ र त्यस्तो सिफारिश लिन वा माग्न आएमा सो सिफारिश दस्तूर लिने कुरा सान्दर्भिक, औचित्यपूर्ण एवं कानूनसम्मत हुन सक्छ । प्रस्तुत सन्दर्भमा रोडा, गिट्टी, बालुवा विदेश निकासी गर्दा जिल्ला विकास समतिको सिफारिश लिनुपर्ने भनी स्थानीय स्वायत्त शासन ऐन, वा कुनै अन्य प्रचलित कानूनमा व्यवस्था भएको पाइँदैन । यस्तो पृष्ठभूमिमा नियमावलीको अनुसूचीमा सिफारिश दस्तूरको दर तोक्दैमा सो दस्तूर वा कर उठाउने अधिकार स्वतः प्राप्त भएको मान्न मिल्दैन । कर उठाउने र लिन पाउने व्यवस्था गर्ने कुरा सर्वथा विधायिकाको अधीन हुन्छ । सरकारले ऐन कार्यान्वयन गर्न बनाएको उपविधायनको अधिकारअन्तर्गत कर लगाउन पाउने अथवा ऐनले अख्तियारी नदिएको करको दर अनुसूचीमा उल्लेख गरेकै कारणबाट सो कर दस्तूर आदि उठाउने अख्तियारी प्राप्त भएको मान्न नमिल्ने ।

नागरिक अधिकार ऐन, २०१२ को दफा ८ मा कानूनबमोजिम बाहेक कर लगाउन नपाइने भनी व्यवस्था रहेको छ । राज्य वा कुनै अन्य निकायको तर्फबाट लिइने कर कानूनबमोजिम बाहेक लगाउन र उठाउन नसकिने उक्त कानूनी व्यवस्था भएबाट स्थानीय तहमा लिने र उठाउने सिफारिश दस्तूरसमेत कानूनबमोजिम बाहेक लिन उठाउन सकिने हुँदैन । राज्यको विधायिकी अङ्गको प्रतिनिधिमूलक संस्था जिल्ला विकास समितिले संविधान र कानूनमा अवस्था भए बाहेक आफूखुशी कर दस्तूर आदि लिन नमिल्ने ।

कसैले सिफारिश नमागेको वा विदेश निकासीको लागि सिफारिश नदिएको अवस्थामा पनि सोबापतको दस्तूर असूल गर्न र लिन मिल्ने कानूनसम्मत हुन नसक्ने ।

निकासी दस्तूर लिन पाउने भनी कानूनमा स्पष्ट व्यवस्था नभएको अवस्थामा जिल्ला विकास समितिले नियमको अनुसूचीमा उल्लिखित सिफारिश दस्तूरको दर उल्लेख भएको आधारमा सो सिफारिश दस्तूर लिन पाउने भन्ने मूल ऐनको व्यवस्था मानी रोडा, गिट्टी विदेश निकासी गर्दा प्रतिट्रिप रू. १,०००।- सिफारिश दस्तूर लिएको कार्य कानूनअनुरूप रहेको मान्न नसकिँदा निवेदकहरूबाट सिफारिश दस्तूर नलिनू, लिन नलगाउनू भनी जिल्ला विकास समिति, बारासमेतको नाउँमा मागबमोजिमको आदेश जारी हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ २५ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४-CI-१०२३, निषेधाज्ञा, *भरतबहादुर ढुङ्गाना वि. जयदुर्गा कंक्रिट उद्योग समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नम्बर ०६६-CI-०२६३, निषेधाज्ञा, *सुनसरी जिल्ला, इटहरी नगरपालिका, वडा नं. ५ स्थित इरकन*

*इन्टरनेशनल लि.को तर्फबाट ऐ.का अधिकारप्राप्त कार्यालय प्रमुख परियोजना प्रवन्धक एस.के.सावत वि. रावनीदेवी महतो समेत*

करारको आधारभूत शर्तको परिपालना सम्बन्धमा करार ऐनले व्यवस्था गरेबमोजिम हुने र करारको शर्तअनुरूप करार परिपालनाको साथै करारको अवधि सम्पन्न भएपछि करारअनुसार राखेका आफ्नो सामान सम्बन्धित पक्षले फिर्ता लान नपाउने भन्न मिल्दैन । त्यस्तै करार समाप्त भैसकेपछि करारअनुसार राखिएका सामानहरूको स्वामित्व सम्बन्धमा प्रश्न उठेमा निषेधाज्ञाको निवेदनबाट यसको वा उसको भनी हक स्वामित्वको निर्णय हुन सक्तैन । करारबमोजिम आफूले राखेको सामानहरू करार समाप्त भएपछि उठाई लान नदिएमा वा नोक्सानी गरेको भएमा त्यो साम्पत्तिक अधिकारसम्बन्धी छुट्टै विवादको विषय बन्न जाने र त्यसमा सामान्य कानूनी उपचारको व्यवस्था आकर्षित हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नम्बर ०६५-CR-०६३९, वन पैदावार अनियमित तवरले ओसारपसार गरेको, *नेपाल सरकार वि. बासु श्रेष्ठ समेत*

मुख्य अभियुक्तको भन्दा फरक हैसियतका प्रत्यर्थी प्रतिवादीहरूलाई जनही रू. ९,५७२।५० जरीवाना गरिपाउन अभियोग दावी लिइएको र पुनरावेदन अदालतले पनि बिगोको दोब्बर जरीवाना गरी जनही रू. ९,५७२।५० नै जरीवाना हुने ठहऱ्याएको छ । वादीले माग गरेअनुरूप नै पुनरावेदन अदालतले सजाय गरेकोले जरीवाना निर्धारणमा प्रचलित कानून र अभियोग माग दावीभन्दा बाहिर गएको अवस्था समेत नहुँदा प्रतिवादीहरूलाई जनही बिगोको दोब्बर जरीवाना हुनुपर्ने भन्ने पुनरावेदन जिकीर मुनासिव देखिन आएन । प्रतिवादीहरूउपर के कस्तो अपराधमा के कति सजायको माग दावी गरी अभियोगपत्र प्रस्तुत गरेको भन्नेतर्फ दृष्टिगत नै नगरी पुनरावेदनपत्रमा शुरू माग दावीभन्दा बढी सजायको दावी जिकीर लिनुलाई न्यायसंगत मान्न नसकिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CR-०५००, कर्तव्य ज्यान, *शेरबहादुर घर्ती वि. नेपाल सरकार*

हत्या वारदातको विषयमा परेको किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, प्रहरीमा कागज गर्ने मनबहादुर बुढा, गणेशबहादुर घर्ती समेतले प्रतिवादीले नै चक्कु प्रहार गरी बुबालाई मारेको भनी गरिदिएको कागज एवं प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवं अदालतमा गरेको साविती बयानले अन्योन्याश्रित रूपमा हत्याको वारदातलाई पुष्टि गरेको देखिने ।

पेन्सनपट्टामा छोराको नाम राख्ने विषयमा पहिलेदेखि नै मृतक र प्रतिवादीको बीचमा झैझगडा हुने गरेको भन्ने देखिएको, वारदात घट्न गएको दिनमा पनि बाबु छोराबीच सोही विषयमा झगडा उत्पन्न भएकोमा बाबुले छोराको घाँटीमा समाई च्यापेकोले सोबाट फुत्कनको लागि चक्कु जस्तो धारिलो हतियारले घाँटी जस्तो शरीरको संवेदनशील भागमा रोपेको (घोपेको) कारणले नै मृतकको मृत्यु भएको कुरा पुष्टि भएको देखिँदा प्रतिवादीको कार्यलाई भवितव्यपूर्ण भन्न नमिल्ने ।

चक्कु जस्तो धारिलो हतियारले घाँटीमा रोप्दा मानिस मर्न सक्छ भन्ने परिणामप्रतिको पूर्वज्ञान प्रतिवादीमा नरहेको वा परिणामप्रतिको चाहना निजमा नरहेको वा आफूले गरेको कार्य सही वा गलत के हो भनी छुट्ट्याउन नसक्ने गरी निजले होस गुमाएको थियो भन्ने कुरा पनि कहीं कतैबाट पुष्टि हुन सकेको मिसिलबाट देखिँदैन । घाँटी जस्तो संवेदनशील अङ्गमा चक्कुले रोप्दा मानिसको मृत्यु हुनसक्छ भन्ने कुरा जानीबुझीकन नै बाबुको घाँटीमा चक्कुले रोपेको अवस्थालाई प्रतिवादीको मनसाय बेगरको कार्य हो भनी मान्न समेत सकिदैन । पेन्सनसम्बन्धी सामान्य वादविवादमा मृतकले प्रतिवादीको घाँटी समाउँदैमा सोबाट फुत्कनको लागि अन्य वैकल्पिक उपायको प्रयोग नै नगरी अन्तिम उपायको रूपमा चक्कु जस्तो धारिलो हतियारकै सहारा लिनुपर्नेसम्मको

त्यस्तो कुनै बाध्यात्मक परिस्थितिको सिर्जना भएको थियो र सो उपायको प्रयोग नगरेको भए प्रतिवादीको ज्यानै जान सक्ने थियो भन्ने कुरा पनि मिसिल संलग्न कुनै सबूद प्रमाणबाट नदेखिँदा प्रतिवादी शेरबहादुर घर्तीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुने ।

वारदात घटनाको परिस्थितिबाट मृतक एवं प्रतिवादी दुबै जनाले सँगै रक्सी खाएको भन्ने देखिएको, रक्सी खाँदै गर्दा मृतकको पेन्सनपट्टामा प्रतिवादीको नाम राख्ने विषयमा दुबै जना बीचमा वादविवाद भएको प्रतिवादीको कुरामा असहमति जनाउने क्रममा मृतकले प्रतिवादीको घाँटीमा च्यापेको अवस्थाले प्रतिवादीलाई घटना घटाउन उत्तेजित बनाउनमा मृतकको पनि योगदान रहन गएको र मृतकलाई चरम यातना दिई लामो पीडा र छटपटीमा राखी मृत्यु गराएको अवस्थासमेत मिसिलबाट पुष्टि नभएकोसमेतका आधार र कारणहरू जन्मकैदको सजायलाई कम गराउन पर्याप्त नै देखिएबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको पूरै कैद सजाय नगरी १०(दश) वर्ष मात्र कैद गर्न उपयुक्त हुने भनी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको राय समेत मनासिब नै देखिने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल साउन ३१ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-०५९६, उत्प्रेषणयुक्त परमादेश, *सिन्धुली जिल्लाभित्र कार्यरत् राष्ट्रिय जनमोर्चा समेतको सात दलीय समन्वय समितिको तर्फबाट अख्तियारप्राप्त सुरेन्द्रश्वर मुक्तान वि. शिक्षा मन्त्रालय समेत*

शैक्षिक संस्थाहरूलाई राजनीतिक क्षेत्रबाट मुक्त राखी राजनीतिक क्रिडास्थल बन्न दिनबाट मुक्त राख्नुपर्ने राज्यको कर्तव्य समेत हो । ज्ञान आर्जन गर्ने गराउने पवित्र उद्देश्यले स्थापित विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्न गठन हुने जिल्ला शिक्षा समितिमा सदस्यहरू मनोनित गर्दा राजनीतिक व्यक्तिहरूको भन्दा स्वतन्त्र व्यक्तिहरूकै भूमिकालाई महत्त्वपूर्ण मानिन्छ । विपक्षीबाट जिल्ला शिक्षा समितिको गठनको लागि सदस्यहरू मनोनित गर्दा जिल्लाभित्र कार्यरत् राजनीतिक दलहरूको सर्वदलीय बैठक बोलाई राजनीतिक सहमतिका आधारमा जिल्ला शिक्षा समितिको गठन नगरेको कारणबाट आफूहरूको संविधानप्रदत्त वैयक्तिक स्वतन्त्रताअन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रता, कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको अपहरण हुनाको साथै समानता र सम्पत्तिसम्बन्धी संवैधानिक एवं कानूनी हकको उल्लंघन भएको भन्ने रिट निवेदन दावी कुनै कानूनमा आधारित नभई केवल राजनीतिक ईच्छा पूर्ति गर्ने कुण्ठित अभिलाषा बाहेक अरू केही रहेको भन्ने नदेखिँदा प्रचलित शिक्षासम्बन्धी कानूनी व्यवस्थाबमोजिम नै जिल्ला समितिका सदस्यहरू मनोनित गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको र राजनीतिक दलहरूको सहभागिता मात्रै जिल्ला शिक्षा समितिका सदस्यहरू मनोनित गर्नुपर्ने कानूनी वाध्यतासमेत नभएको अवस्थामा उक्त समितिका सदस्यहरू मनोनित गर्ने गरी विपक्षीबाट भएको मिति २०६७।०७।२९ को निर्णयले आफ्नो संवैधानिक एवं कानूनी हकमा आघात परेको भन्ने रिट निवेदकको दावी कानूनमा आधारित नभई निरर्थक हुँदा खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-WO-०८५६, उत्प्रेषणमिश्रित परमादेश, *विश्वचन्द्र वादे श्रेष्ठ वि. वीरगञ्ज भन्सार कार्यालय, पर्सा, वीरगञ्ज समेत*

यी रिट निवेदकले बदर गरी पाउन माग गरेको वीरगञ्ज भन्सार कार्यालयको मिति २०६६।९।३०।५ को निर्णयउपर राजश्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गरेको भन्ने कुरा सो न्यायाधिकरणले यस अदालतलाई शुरू मिसिल पठाएको भन्ने विषयको च.नं. ६०८, मिति २०६८।७।२७ को पत्रका साथै निवेदक वारेसले इजलासमा उपस्थित भई रिट निवेदकले विपक्षी भन्सार कार्यालयको निर्णयउपर राजश्व न्यायाधिकरण काठमाडौंमा

पुनरावेदन गरी हाल उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको छ भनी जानकारी गराएको अवस्था देखिन आयो ।

कानूनले साधारण अधिकारक्षेत्र अन्तर्गत उपचार प्राप्त गर्ने मार्ग प्रशस्त गरिरहेको विषयमा असाधारण अधिकारक्षेत्र आकर्षित नै हुन नसक्ने र प्रस्तुत विषयका सम्बन्धमा यी रिट निवेदकको राजश्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन समेत परिसकेको स्थितिमा सोही पुनरावेदनकै रोहबाट निर्णय हुने हुँदा प्रस्तुत विषय रिटबाट हेर्न नमिल्ने हुँदा निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

संवत् २०६९ साल भदौ २५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CI-०४५३, करारीय दायित्वको निरन्तरताको आदेश जारी गरिपाऊँ, *इन्दिरा पराजुली वि. वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन समेत*

पुनरावेदिकाको नाउँमा जारी गरिएको करार भङ्ग गरिएको पत्र र निजले सोउपर सञ्चालक समितिउपर पेश गरेको पुनरावेदनको व्यहोराबाट विवादसँग सम्बन्धित करारको अन्त्य भैसकेको स्थितिमा करार ऐन, २०५६ को दफा ८७ बमोजिम भङ्ग भैसकेको करारले नै पुनः निरन्तरता पाउने गरी निवेदन मागबमोजिम हाजीर गर्न नदिने विपक्षीको कार्य रोक्का गरी निरन्तर काम गर्न दिनु भनी आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

- यसै लगाउको मुद्दा नं. २०६८-WO-००४३, उत्प्रेषण, परमादेश, *इन्दिरा पराजुली वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको* मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CI-१३११, परमादेश, इन्दिरा पराजुली वि. वी.पी. कोइराला मेमोरियला क्यान्सर अस्पताल, *चितवन समेत*

सामान्यतया संस्थाले जारी गर्ने कर्मचारीसम्बन्धी नियमावलीले आफूकोमा कार्यरत् रहने कर्मचारीसम्बन्धी यावत् विषयमा व्यवस्था गर्न सक्दछ । तीमध्ये कुनै प्रकृतिका कर्मचारीको सम्बन्धमा नियमावलीको प्रावधान लागू हुने वा नहुने गरी व्यवस्था गर्नसक्ने नै हुन्छ । करारको सेवा केही निश्चित् अर्थात् छोटो अवधिको लागि लिइने र त्यसरी करारमा लिइँदा दुई पक्षबाट सिर्जित करारमा उल्लिखित शर्तहरू नै यी दुई पक्षबीचको पहिलो कानून मानिन्छ । करार कानूनको मूलभूत मान्यता पनि त्यही हो । तर यदि करारमा नियुक्त कर्मचारीको हकमा पनि संस्थाको नियमावली लागू हुनेछ भनेर करार र नियमावलीमा व्यवस्था गरिएमा सो नियमावलीको प्रावधानहरू पनि स्वतः करारका अभिन्न अङ्गको रूपमा ग्रहण गरिएको मानिन्छ । तर यदि सो भनिएन र नियमावली लागू हुनेछ भनेर करार र नियमावलीमा व्यवस्था गरिएमा सो नियमावलीको प्रावधानहरू पनि स्वतः करारका अभिन्न अङ्गको रूपमा ग्रहण गरिएको मानिन्छ । तर यदि करारमा पनि सो भनिएन र नियमावलीमा पनि करारमा नियुक्त कर्मचारीको हकमा करामा लेखिएबमोजिम हुनेछ भनेर उल्लेख भयो भने यस अवस्थामा सो व्यक्तिको हकमा सोही करार नै मूल कानून मानिन्छ । अन्य कर्मचारीहरूको हकमा व्यवस्था गर्न बनेको नियमावलीको प्रावधान स्वतः करारमा नियुक्त कर्मचारीको हकमा लागू हुन्छ भन्ने अर्थ गर्न नमिल्ने ।

सञ्चालक समितिमा पुनरावेदन लाग्ने नियमावलीको प्रावधान करारमा नियुक्त कर्मचारीको हकमा लागू नभै दुई पक्षबीच सम्पन्न करारबाट सिर्जित दायित्व तथा अधिकारहरू लागू हुने हुँदा यस्तो करारीय विषयवस्तुमा नागरिक अधिकार ऐनअन्तर्गतको उपचार आकर्षित हुन नसक्ने हुँदा पुनरावेदनमा छिटो किनारा लगाउनु भनी परमादेशको आदेश जारी गर्न मिलेन निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३-WO-०२१८, परमादेश, *प्रकाशमणि शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

स्वास्थ्य संस्थाहरूबाट उत्पादन हुने हानिकारक फोहोर र घर वा कार्यालयहरूबाट उत्पादन हुने सामान्य फोहोर एकै ठाउँमा भण्डारण तथा विसर्जन गर्नाले सम्पूर्ण फोहोर हानिकारक हुन जान्छ र यसलाई व्यवस्थापन गर्न झनै कठिन हुन जान्छ। त्यसैले स्वास्थ्य संस्थाको फोहोरमैला व्यवस्थापन गर्दा सबैभन्दा महत्त्वपूर्ण कार्य सामान्य र हानिकारक फोहोरमैलालाई यसको उत्पन्न हुने स्रोतमा नै छुट्ट्याई भष्मीकरण गरी व्यवस्थापन गर्नु आवश्यक हुने।

अस्पताल, स्वास्थ्य केन्द्र एवं नर्सिङ्ग होमसमेतलाई जिम्मेवार बनाई त्यस्ता स्वास्थ्य संस्थाहरूबाट निसृत हुने फोहोरमैलाको व्यवस्थापनको दायित्व त्यस्ता संस्थाहरू समेत उपर लगाउनु पर्ने।

आफ्नो स्वास्थ्य संस्थाबाट निस्कने फोहोरहरूलाई संक्रमित र असंक्रमित गरी दुई भागमा छुट्ट्याई संक्रमित फोहोर अटोक्लेभ मेशिनमा राखेर निर्मलीकरण गरी किटाणुरहित भएपछि अरू फोहोरमा मिसाई ल्याण्डफिल साइटमा पठाउने दायित्व त्यस्ता संस्थाहरूको हुने।

आफूले आर्जन गरेको मुनाफाको केही प्रतिशत फोहोरमैलाको व्यवस्थापनको लागि अनिवार्यरूपमा खर्च गर्न लगाउनु समेत न्यायोचित हुने।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६६-CR-०८८१, कर्तव्य ज्यान, *गीता खड्का वि. नेपाल सरकार*

मृतकलाई एक पटक बाँसको ढुंग्रीले प्रहार गरेपश्चात् बेहोससम्म भएकीमा मार्ने नियतले नै डोरीले घाँटीमा बाँधी भऱ्याङमा झुण्ड्याउने थप आपराधिक कार्यहरू गरेको देखिँदा प्रतिवादीमा मृतकलाई मार्ने आपराधिक मनसाय (Mens Rea) स्वतः जागृत भएको स्पष्ट अनुभूत गर्न सकिन्छ। आफ्नो एक कार्यबाट बेहोससम्म भएको व्यक्तिलाई मार्ने मनसाय यी प्रतिवादीमा नभए बचाउने कार्यस्वरूप उपचार गर्नेतर्फ लाग्नुपर्नेमा यस वारदातमा त्यस्ता कुराको सर्वथा अभाव रहेको छ। यसबाट यी प्रतिवादीले ढुंग्रीले हानेपछि बेहोस् भएकी पीडितको प्राथमिक उपचार गर्न हार गुहारतर्फ नलागी डोरीले घाँटीमा बाँध्ने भऱ्याङ्गमा झुण्ड्याउन खोज्दा डोरी छोटो भएपछि सल थपी गाँस्ने र नमरुन्जेलसम्म भऱ्याङमा झुण्ड्याउने तथा मरेपश्चात् अपराधबाट बच्न ढाकछोप गरी अनेकन उपाय अपनाउने जस्ता कसूरजन्य कार्यहरू क्रमशः एकपछि अर्को कार्य गरी ज्यान मारेको र मृत्युको कारण तत्काल कसूरजन्य कार्यहरू चोटको कारणबाट नभई झुण्ड्याएको कारणबाट भएको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको अवस्था हुँदा ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित व्यवस्थासँग प्रस्तुत वारदातको तादम्यता कुनै कोणबाट पनि देखिन नआउने।

आफूले लालनपालन गर्नुपर्ने अर्थात् आमाको ममतामयी भूमिका निर्वाह गर्नुपर्ने कर्तव्य भएकी यी प्रतिवादीले ११ वर्षकी अवोध नाबालिग मृतकले मुख छाडेकोसम्मको निहुँमा कुटपीट गरी बेहोस भएपछि डोरी खोजी घाँटीमा बाँधी भऱ्याङको खुड्किलोमा झुण्ड्याउन खोज्दा डोरी छोटो भएकोमा पनि वैकल्पिक उपाय अपनाई मृतककै सल जोडी झुण्ड्याई मारेको अवस्था प्रस्तुत वारदातमा देखिन्छ। प्रतिवादीका यी कार्यहरू सिलसिलेवार रूपमा क्रूरतापूर्वक सम्पन्न भएको पाइन्छ। जसको कारण एक अवोध नाबालिगको अकालमा मृत्यु हुन पुगेको छ। यस स्थितिमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं.मा उल्लिखित कानूनी व्यवस्था तथा सोको प्रयोगमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित सिद्धान्त समेतले यस वारदातमा सजाय कम गर्न सकिने स्थिति र अवस्था विद्यमान नदेखिँदा प्रतिवादी गीता खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी १ नं. विपरीतको कसूरमा

ऐजन १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६५-WO-०४१७, परमादेश, *छविलाल विश्वकर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राज्यको संरचनामा समावेशीको सिद्धान्त अवलम्बन गर्नु संविधानतः सम्पूर्ण राज्य संरचनाका अङ्गहरूको दायित्व हो र यसको कार्यान्वयन गर्नु मूलतः सरकारको दायित्वभित्र पर्ने कुरा हो। यो एकै पटक सम्भव नहुने भएकाले क्रमशः कार्यान्वयन गर्दै जानु पर्ने तथ्यमा विवाद हुन सक्तैन । राज्यका अङ्गहरूबाट यसलाई क्रमशः कार्यान्वयनमा ल्याइरहेको पनि पाइन्छ । प्रस्तुत विवादमा रिट निवेदकले उठाएको विषय पनि पछिल्ला मन्त्रिपरिषद्को गठनमा सम्बोधन भइरहेको पाइन्छ । यसरी निवेदनमा दावी गरिएको मन्त्रिपरिषद् विघटन भई तत्कालको स्थितिमा परिवर्तन आइरहेको तथा राज्यका अङ्गहरूबाट राज्यका संरचनाहरूमा नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनाअनुसार समावेशीकरणको सिद्धान्तलाई क्रमशः अवलम्बन गर्ने गरिएको स्थितिमा परमादेशको आदेश जारी गर्नुपर्ने औचित्य पुष्टि हुन नआउँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल पुस २३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६७-CR-०८८३, कर्तव्य ज्यान, *पूर्णबहादुर विश्वकर्मा सुनार समेत वि. नेपाल सरकार*

मृतक टीकाराम विश्वकर्मामा आत्महत्या गर्नुपर्ने कुनै पूर्वसंकेत नदेखिनु, मर्नुपर्ने कुनै विश्वासलायक कारण नदेखिनु र आफ्नै दिदी भिनाजुको कोठामा नै गएर सुती आत्महत्या गर्नुपर्ने कारण समेत नदेखिएको अवस्थामा मृतक आफैंले घटना घटाएको अर्थात् आत्महत्या गरेको सावित हुन नआएको तथा अन्य कोही आएर मारेको समेत पुष्टि नभएको हुँदा एउटै कोठामा खाट सिरान जोडेर सुतेका प्रतिवादी पूर्णबहादुर विश्वकर्मा र पूर्णकुमारी विश्वकर्माले सँगै अर्को खाटमा सुतेको आफ्नै सालो भाइनाताको टीकाराम विश्वकर्मालाई सुतेकै अवस्थामा घाँटीमा धारिलो हतियारले रेटी जखम पारी घाँटीमा ठूला रक्तनली र श्वासनली समेत काटी छिनाली मृतकको प्राण गै नसक्दै अर्ध चेतन अवस्थामा आफैंले आत्महत्या गरेको देखाउन मृतकको हातमा चक्कु राखी दिई सो हातलाई मृतकको नाइटो माथि पर्ने गरी चक्कुको धार घाँटीतर्फै फर्काई राखीदिई कर्तव्य गरी ज्यान मारेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुन आएको हुँदा यी प्रतिवादीहरूलाई अभियोग दावीअनुसार ज्यान मारेको कसूरमा सजाय हुने ।

प्रतिवादीहरू पूर्णबहादुर विश्वकर्मा सुनार र पूर्णकुमारी विश्वकर्मा सुनारले कर्तव्य गरी मारेको कसूरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मृतक र यी प्रतिवादीहरूमा पूर्व रिसइवी नभएको अवस्थामा कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम प्रतिवादीहरू दुबैजनालाई जनही १०(दश) वर्ष मात्र कैद गर्न मनासिव हुने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६५-CR-०२३८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. कैला नट भन्ने नुर महम्मद नट मियाँ समेत*

११ जना प्रतिवादीले सामूहिक जवर्जस्ती करणी गरेको हो भन्ने अभियोग भएकोमा घटनास्थलबाट उठाई अस्पताल पुऱ्याएको पीडितको योनी तत्काल परीक्षण गर्दा पुरुष वीर्य फेला नपर्नु, पीडित स्वयंले जवर्जस्ती करणी गरेको भनी नभनेको के कसरी जाहेरी लेखे गाउँलेले सही मात्र गराएका हुन् भनी अदालतमा जवर्जस्ती करणी गरेको कुरालाई स्वीकार नगर्नु, मौकामा उद्दार गर्ने प्रहरीहरूले अदालतमा बकपत्र गर्दा सुराकीको भरमा प्रतिवेदन दिएको भनी फरकफरक र शंकास्पद व्यहोरा लेखाउनु, एकसाथ

जवर्जस्ती करणी गर्ने भनी वृद्ध तथा बाबु छोरालाई नै प्रतिवादी बनाउनु आदि जस्ता कारणले यी प्रतिवादीहरूबाट पीडितलाई जवर्जस्ती करणी गरे होलान् भनी किटानसाथ भन्न सकिने स्थिति नदेखिएकोले वादी पक्षबाट प्रतिवादीहरूले जवर्जस्ती करणी गरेको कुरा वस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको नहुँदा केवल शंकाको भरमा जवर्जस्ती करणीको कसूरमा यी प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याउनु न्यायसंगत नहुँदा वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरू नुरमहमद नट मियाँ, किस्मत अन्सारी, खटर रजक धोवी कासीम खान, नहमुद्दिन खानले जवर्जस्ती करणीको अभियोगबाट सफाइ पाउने।

जाहेरवालालाई समेत सजाय हुने भन्ने शुरूको इन्साफ केही उल्टी गरी पीडित एवं प्रहरीमा कागज गर्ने निजको पति ईच्छाकुमारलाई सजाय गरिरहन नपर्ने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६५-CR-०१६१, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *नेपाल सरकार वि.नरसिंह महतो भन्ने नरसिंह चौधरी समेत*

गैंडा मार्ने, खाग बिक्री गरी रकम प्राप्त गर्नेसम्मको कार्यमा संलग्न भएको कार्य र गैंडाको खागको कारोवार गर्नेहरूले लुकाउने उद्देश्यले राख्न दिएको खाग राखिदिने कार्यलाई समान गम्भीर कार्य मान्न सकिने स्थिति हुँदैन। प्रतिवादी नरसिंह चौधरी गैंडा मार्ने कार्यमा संलग्न भएको र गैंडाको खाग बेचबिखन गरी प्राप्त रकम लिने खाने कार्यमा संलग्न रहेको निजकै बयानबाट देखिन्छ भने अर्को प्रतिवादी जयनारायण कुमाल गैंडाको खाग राखिदिने कार्यमा मात्र संलग्न रहेको देखिँदा यी प्रतिवादीको कसूर अर्का प्रतिवादी जयनारायण कुमालको कसूरसँग समान किसिमको देखिन नआई निजको भन्दा भिन्न र बढी गम्भीर देखिन आयो। यस स्थितिमा कसूरमा भएको संलग्नताका आधारमा नै सजाय गर्नुपर्ने।

प्रतिवादी नरसिंह चौधरी गैंडा मार्ने कार्यमा संलग्न भएको र गैंडाको खाग बेचविखन गरी प्राप्त रकम लिने खाने कार्यमा संलग्न भएको कुरा निजकै बयानबाट पुष्टि भैरहेको अवस्था विद्यमान रहेकाले निजको कसूर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), १९(१) मा वर्णित कसूरअनुसारकै पुष्टि हुन आएकोले निजलाई सोही ऐनको २६(१) नं. मा व्यवस्थित सजायमा छूट वा कमी हुनसक्ने देखिन आएन। अतः निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम ८(आठ) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६८-WO-०५४५, उत्प्रेषण, *दुर्गा मोदी देवान समेत वि. आसमाया मोदी देवान समेत*

कानूनबमोजिम मुद्दा चलिरहेको अवस्थामा शुरू फैसलालाई असर पऱ्यो भन्न मिल्ने हुँदैन। कसैले पुनरावेदन नै गर्न नपाओस् भन्ने ध्येय न्यायोचित होइन। विपक्षी आसमायाका नामको म्याद बुझ्ने व्यक्ति निजको पहिलो लोग्नेतर्फको छोरा भएको तथ्य पनि मिसिल संलग्न छ। निजलाई एकाघर सगोलको मान्न मिल्ने नमिल्ने कुरा अ.बं. ११० को परिप्रेक्ष्यमा विचारणीय छ। यी सबै तथ्य प्रमाण केलाई अ.बं. १७ नं. को प्रक्रियाबाट पुनरावेदन अदालतबाट शुरू जिल्ला अदालतको आदेश मिति २०६८।३।१६ मा बदर भएको भए तापनि जुन मुद्दाको सन्दर्भमा आदेश भएको हो सो मुद्दा फैसला हुन बाँकी रहेको अवस्थामा निवेदकहरूको हकमा विपक्षी आसमायाबाट पुनरावेदन पेश भएको र सोमा विपक्षी झिकाउने भनी आदेश भएको आधारले मात्र असर पर्ने भन्न न्यायसंगत् र कानूनसंगत् नदेखिने।

सुरेन्द्र राईले विपक्षी आसमाया मोदी देवान नामको पुनरावेदन म्याद बुझी लिएकोमा सो मितिबाट पुनरावेदनको म्याद गणना गरी पुनरावेदन गर्नुपर्नेमा नगरी म्याद नघाई पछि फैसलाको नक्कल लिई पुनरावेदन दर्ता गरेको भन्ने जरियाबाट प्रस्तुत विवादको उठान भएको देखिएको अवस्थामा पुनरावेदन म्याद

नाघी दायर भएको हो होइन भन्ने सम्बन्धमा समेत पुनरावेदन अदालतले मुद्दा फैसला गर्दाको बखत बोल्न सक्ने अवस्थाको विद्यमानतामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने अवस्था हुँदैन । असाधारण अधिकारक्षेत्र रिट निवेदकहरूको कुनै कानूनी वा संवैधानिक हक हनन् भएको स्थापित भएमा मात्र आकर्षित हुने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल असोज २१ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको फौ.पु.नं. ०३९४, भ्रष्टाचार, *नेपाल सरकार वि. राजुलाल शर्मा समेत*

प्रतिवादीहरूले भ्रष्टाचारजन्य अपराध गरेका हुन् भनी जिकीर दावी लिदैमा मात्र पुग्दैन । उक्त तथ्य स्थापित गर्न सक्नु पनि पर्दछ । तर प्रस्तुत मुद्दामा वादीले प्रतिवादीहरूले भ्रष्टाचारजन्य कसूर गरेका हुन् भनी शंकारहित तवरले पुष्टि गराउन सकेको देखिँदैन । सोका अलावा फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने सिद्धान्तलाई हाम्रो देशको कानून प्रणालीले समेत स्वीकार गरेको देखिएकोले प्रतिवादी विरूद्धको अभियोग दावी शंकारहित तवरबाट पुष्टि हुन आवश्यक मात्र नभएर वाञ्छनीय समेत देखिने ।

गाडीको भन्सार महसूल तिरेको देखिएको प्राविधिकको प्रतिवेदनमा ब्लुबुक र गाडीको विवरण मिल्छ, भिड्छ भनी उल्लेख भएको, लुम्बिनी अञ्चल यातायात कार्यालयको पत्रको आधारमा नामसारी गरेको देखिएको र यी प्रतिवादीहरूको बद्नियतपूर्ण संलग्नतामा आरोपित कसूर भएको हो भनी वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०२६५, उत्प्रेषणमिश्रित परमादेश, *शत्रुसुधन अग्रहरि वि. ज्ञानेन्द्रप्रसाद सिमाङगौडा समेत*

घरको मुख्य भई काम व्यवहार गर्ने व्यक्तिको लिखित सम्मती वा मञ्जूरी बेगर र त्यस्तो व्यक्तिको नाममा रहेको सम्पत्तिबाट निजको मञ्जूरी बेगर लिएको ऋणबापत असूलउपर गरिने अवस्था आउँदैन । रोक्का रहेको सम्पत्तिमा सातजना अंशियारको अंश हक भनिएकोमा उक्त सात भागमध्ये निवेदकले रोक्का भएमा आपत्ति देखाएकोले निजको हुनसक्ने एक भाग अंश हकका सम्पत्तिबाट उक्त ऋण बेहोर्नुपर्ने अवस्था तत्काललाई देखिएन । बाँकी पाँच जना अंशियारहरूको हकमा निजहरूले आ-आफ्नो अंश हक सुरक्षित गर्न रोक्का राख्ने आदेश विरूद्ध कानूनी कारवाही चलाएमा सोतर्फ ठहरेबमोजिम हुने नै हुँदा निवेदकको नाममा रहेको निजको हक भागको जग्गा समेत रोक्का राख्ने गरेको रूपन्देही जिल्ला अदालतको मिति २०६०।९।३० को रोक्का आदेशलाई निरन्तरता दिएको सोही अदालतले मिति २०६८।१।२ को आदेश सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।३१ को आदेश सो हदसम्म उत्प्रेषणको आदेशबाट बदर हुने र निवेदकको नामको जग्गा अर्कै कारणबाट लुम्बिनी फाइनान्समा रू. ५,००,०००।- ऋणबापत रोक्का रहेको भन्ने तथ्य रिट निवेदनबाटै देखिँदा जग्गा फुकुवा गर्नुपर्ने भनी परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल मंसिर ५ गते रोज ५ शुभम् ।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६७-WO-१२७१, उत्प्रेषण परमादेश समेत, *भरतमणि दाहाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

बढुवा तथा स्तरोन्नतिसम्बन्धी सेवाका शर्तहरू पश्चात्‌दर्शी रूपमा लागू नहुने भविष्यदर्शी हुने भन्ने सर्वमान्य सिद्धान्त भएकोले निवेदकको हकमा उक्त दफा २६क को कानूनी व्यवस्था आकर्षित गरी नोकरी गणना हुन्छ भन्न मिल्ने नदेखिने ।

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६क मा भएको पहिले निजामती सेवाको समान पदमा गरेको सेवा अवधि बढुवा प्रयोजनको लागि समेत गणना हुने व्यवस्था भएको तथा सो सेवा अवधि गणना गर्ने सम्बन्धी कानूनी व्यवस्था मिति २०६३।८।२२ मा लागू भएको देखिएकोले स्तरवृद्धिको हकमा उक्त व्यवस्था पश्चात्‌दर्शी असर हुने गरी लागू हुन सक्ने अवस्था नदेखिने ।

स्तरवृद्धिको प्रयोजनको लागि निज निजामती सेवाको प्रथम श्रेणीमा मिति २०४७।३।६ मा बढुवा नियुक्ति भएको मितिबाट गणना हुने नभई निज वरिष्ठ पाँचौं तहमा मिति २०५४।२।१४ मा तह मिलान भएको मितिबाट गणना गरी निवेदकलाई अधिकृत छैठौं तहमा स्तरवृद्धि गर्ने गरी गरिएको स्वास्थ्य सेवा विभागको मिति २०६४।४।२३ को निर्णय कानूनविपरीत नदेखिएकोले निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन । निवेदन खारेज हुने ठहर्छ । तर यस्तै विषयवस्तु समावेश भएको निवेदक नरेन्द्र चौहान वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत भएको ०६५-WO-०१७९ तथा निवेदक भरत साह सुडी विरूद्ध स्वास्थ्य तथा जजसंख्या मन्त्रालय समेत भएको उत्प्रेषण समेतको निवेदनमा निवेदकलाई सोही दफा ९ र २६क को व्यवस्थाबमोजिम मिति २०५९।१।२४ गतेबाट अधिकृत छैटौं तहमा तह मिलान गर्नुपर्नेमा सो नगरी मिति २०६४।२।१४ गतेदेखि लागू हुने गरी अधिकृत तहमा स्तरोन्नति गर्ने गरेको मिति २०६४।४।२३ को स्वास्थ्य सेवा विभागको निर्णय सो हदसम्म उत्प्रेषणको आदेशले बदर हुने तथा निवेदकलाई निवेदन मागबमोजिम निजले निजामती सेवामा प्रवेश गरेको अवधि समेत गणना गरी स्तर वृद्धि गरी स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम पदनाम दिनु भन्ने परमादेश समेत जारी हुने ठहऱ्याई निर्णय भएको र उक्त राय र सिद्धान्तसँग यो इजलास सहमत नभएको तथा यसरी एउटा संयुक्त इजलासमा अर्को संयुक्त इजलासको रायसँग सहमत हुन नसकेको विषय दुईभन्दा बढी न्यायाधीश भएको पूर्ण इजलासमा पेश गरी निश्चित् सिद्धान्त कायम हुनु वाञ्छनीय भएकोले प्रस्तुत निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम संयुक्त इजलासको दायरीको लगत कट्टा गरी पूर्ण इजलाससमक्ष पेश गर्नू ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल भदौ २७ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-१२५७, उत्प्रेषण समेत, *यादवकुमारी थापा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- ०६७-WO-१२७२, उत्प्रेषण समेत, *धनराज राई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

## पुनरावलोकन निस्सा

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,**
पु.नि.नं. ०६७-RV-०१९२, परमादेश, *श्यामकुमार महतो वि. प्रकाशकुमार उपाध्याय*

यसमा विपक्षी निवेदक प्रकाशकुमार उपाध्याय मिति २०६२।८।५ मा जनकपुर चुरोट कारखानाको आठौं तहमा बढुवा भई मिति २०६२।१२।३ देखि लागू हुने गरी अनिवार्य अवकाश प्राप्त गरेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यस स्थितिमा निज प्रकाशकुमार उपाध्याय आठौं तहमा बढुवा भएको मितिदेखि नियमअनुसारको बीमाङ्क प्रिमियम कायम गरी मागबमोजिम बीमा रकम भुक्तानी गर्नु भनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसला जनकपुर चुरोट कारखाना र बीमा संस्थानबीच भएको सम्झौताअनुसार बीमा संस्थानले हरेक वर्षको १४ अप्रील (प्रायः बैशाख १ गते) देखि मात्र बीमा पुनारम्भ गर्ने गरेको देखिएको र निवेदकको बढुवा भई तलव वृद्धि भएको मिति र अवकाश मितिको अवधिभित्र १४ अप्रील (बैशाख) १ गते परेको नदेखिएको हुँदा बीमा संस्थानको नियमानुसार निवेदकले दावीबमोजिमको

बीमा रकम भुक्तानी पाउने देखिएन भनी मुद्दा नं. ०६७-WF-००१० र ०६७-WF-००११ को परमादेश मुद्दामा रिट खारेज गर्ने गरी पूर्ण इजलासबाट मिति २०६९।६।२५ मा भएको निर्णय प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड(ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको छ। नियमबमोजिम पेश गर्नु।

इति संवत् २०६९ साल माघ २६ गते रोज ६ शुभम्।

## रीत/वेरीत आदेश

१

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६९-RE-००३३, लागू औषध खैरो हेरोइन, *सचिन के.सी. वि. नेपाल सरकार*

यसमा प्रतिवादी विनोद बुढाथोकीले निवेदक प्रतिवादी सचिन के.सी. सँग लागू औषध खरीद गरी निजको बाबु गिरबहादुर के.सी. को खातामा रकम जम्मा गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष साविती भई बयान गरेको र सो खाता नं. प्रतिवादी विनोदले कसरी थाहा पायो र रकम कसरी जम्मा भयो ? सो प्रष्ट नखुलाई रकम जम्मा आफैंले गरेको भन्न प्रतिवादी सचिन तर्फबाट नसकेको अवस्था समेतको तथ्यगत स्थितिलाई मूल्याङ्कन गर्दा पछि ठहरेबमोजिम हुने नै हुनाले हाललाई प्र. सचिन के.सी. पुर्पक्ष निमित्त थुनामा राख्ने गरी भएको आदेश सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।५ को आदेश मनासिबै देखिँदा परिवर्तन गर्नु परेन। कानूनबमोजिम गनू।

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-०१०९, ज्यान मार्ने उद्योग, *डिल्ली लिम्बू वि. नेपाल सरकार*

प्रतिवादी समेत उपर पीडितलाई पेस्तोल प्रहार गरेको किटानी जाहेरी परेको भए पनि जाहेरवालीले मौकामा वारादातस्थलमा उपस्थित रहेको भनेको नवीन तामाङले निवेदक प्रतिवादीलाई गोली हान्न लाग्दा हस्तक्षेप गरेको कारणले पीडित मिलन मादेनको तिघ्रामा लागेको भन्ने व्यहोारा उल्लेख गरेकोमा मिलन तामाङको मिति २०६९।३।१५ को कागज हेर्दा आफूले प्रतिवादीले गोली प्रहार गरेको प्रत्यक्ष नदेखेको भनी उल्लेख गरेको हुँदा जाहेरी दरखास्तको मुख्य सूचनाको स्रोत नविन तामाङको भनाईबाट पुष्टि नभइरहेको स्थिति देखिएकोले निवेदक डिल्ली लिम्बूलाई हाल थुनामा राखी पुर्पक्ष गर्नुपर्नेसम्मको अवस्था देखिएन। तसर्थ, यी निवेदक प्रतिवादीहरूलाई थुनामा राखी पुर्पक्ष गर्नु भनी ताप्लेजुङ्ग जिल्ला अदालतबाट मिति २०६९।३।२८ मा भएको थुनछेकको आदेश सदर गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६९।५।२१ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ। पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई निवेदक डिल्ली लिम्बू र नवीन लिम्बूलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम पुर्पक्षका निमित्त तारिखमा राखी कारवाही किनारा गर्नु भनी ताप्लेजुङ्ग जिल्ला अदालतलाई लेखी पठाइदिनू।

इति संवत् २०६९ साल माघ २४ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-००१५, कर्तव्य ज्यान, राजकिशोर विश्वकर्मा वि. नेपाल सरकार

यसमा प्रतिवादी राजकिशोर विश्वकर्मा वारदातमा संलग्न रहेको कुरा स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको अवस्था, हालसम्म पुर्पक्षको निमित्त थुनामा रहेको जीतेन्द्र यादवले अनुसन्धान अधिकारीसमक्ष कसूरमा सावित भै यी प्रतिवादीलाई पोल गरेको अवस्था देखिएको, उर्मीलाकुमारीको जाहेरी किटानी रहेको अवस्था समेतलाई विचार गर्दा पछि ठहरेबमोजिम हुने गरी उल्लिखित तत्काल प्राप्त प्रमाणको आधारमा अ.बं. ११८ को देहाय (२) अनुसार निज प्रतिवादी राजकिशोर विश्वकर्मालाई पूर्पक्षको निमित्त थुनामा राख्ने गरी भएको पुनरावेदन अदालत राजविराजको आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु परेन। कानूनबमोजिम गर्नू।

इति संवत् २०६९ साल माघ १० गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-००३७, बैंकिङ कसूर, *विजयकुमार महतो वि. नेपाल सरकार*

यसमा प्रतिवादी विजय महतोले अदालतमा इन्कार रही बयान गरेको देखिए पनि अनुसन्धान अधिकारीसमक्ष सावित भै बयान गरेको जाहेरी दरखास्त र नवराज श्रेष्ठ समेतको मौकाको कागज समेतको तत्काल प्राप्त प्रमाणबाट पछि ठहरेबमोजिम हुने गरी हाललाई धरौट माग गर्ने गरी भएको त्यस अदालतको आदेश मनासिब देखिँदा परिवर्तन गर्नु परेन। कानूनबमोजिम गर्नु।

इति संवत् २०६९ साल माघ १० गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-००४५, ०१४९, लागू औषध, *राज रानामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. राजु पन्थी*

यसमा प्रतिवादी रमेश गुरुङको बयानबाट लागू औषध दिने प्रतिवादी राजराना हुन् भन्ने देखिन आएको अवस्थाको तथ्यगत कडीलाई विचार गर्दा निजलाई पुर्पक्षको निमित्त थुनामा राख्ने र प्रतिवादी राजु पन्थीको हकमा निजको इन्कारी बयान र सह-अभियुक्तको प्रत्यक्ष पोलको अभाव समेतको स्थितिमा निजलाई तारिखमा राख्ने गरी भएको पुनरावेदन अदालत, पाटनको आदेश मनासिव देखिँदा परिवर्तन गर्नु परेन। कानूनबमोजिम गर्नु।

इति संवत् २०६९ साल माघ १० गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६८-RE-२६२, कर्तव्य ज्यान, *छोटेलाल महतो केवट वि. नेपाल सरकार*

यसमा, निवेदक प्रतिवादी छोटेलाल मृतक सकुर मियाको घरमा लुटपीट हुँदा घटनास्थलमा उपस्थित रहेको भन्ने कुरा मृतककी पत्नीको मिति २०६३/११/२१ को बयान कागजबाट देखिए पनि मृतक सकुर मियाँलाई कर्तव्य गरी मार्न निज प्रतिवादी संलग्न रहेको थियो भन्ने कुरा सो कागजबाट नखुलेको, प्रतिवादी निवेदकले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज समेतमा निज घटनास्थलमा उपस्थित रहेकोसम्म भनेको तर अपराधमा संलग्न रहेको भनी बयान गरेको नदेखिएको, प्रहरी निरीक्षक शशी शर्माले घटनाको तत्कालपश्चात् मिति २०६३/११/२२ मा प्रस्तुत गरेको प्रतिवेदन समेतमा यी प्रतिवादी निवेदक छोटेलाल महतो केवटको नाम नभएको र निज प्रतिवादी अपराधमा संलग्न रहेको भनी देख्ने साक्षी समेत तत्काल प्राप्त प्रमाणबाट नदेखिएकोमा घटना भएको लगभग ५ (पाँच) वर्षपछि २०६८/७/२६ देखि प्रारम्भ भएको अनुसन्धान तहकीकातको क्रममा मात्र निज छोटेलाललाई पक्राउ गरी निजउपर अभियोग पत्र दायर भएको देखिएकोले पछि बुझिएका प्रमाणहरूका आधारमा निजलाई थुनामा राख्ने आदेश भएको देखिन्छ। अ.बं. ११८ नं. को देहाय २ मा तत्काल प्राप्त प्रमाणको आधारमा कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा थुनामा राख्ने कानूनी व्यवस्था रहेको पाइन्छ। तर यी निवेदकको अपराधमा संलग्नताको सम्बन्धमा घटनाको तत्कालपछि मृतककी पत्नी खुदायजाले निजको संलग्नता नदेखाएकोमा लगभग ५(पाँच) वर्षपछि बुझिएको व्यक्तिहरूको कथनलाई तत्काल प्राप्त प्रमाण मान्न नमिल्ने हुनाले अ.बं. ११८ नं. को देहाय २ बमोजिम निजलाई पुर्पक्षको निमित्त थुनामा राख्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको २०६८।१०।२० को आदेश कानूनसंगत् नभई त्रुटिपूर्ण रहेको देखिँदा सो आदेश बदर गरिदिएको छ। पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुनाले निज प्रतिवादी छोटेलाल महतो केवट कसूरदार हो भनी विश्वास गर्ने मनासिब आधार मिसिलमा विद्यमान रहेको नदेखिँदा निजलाई हाल तारिखमा राखी मुद्दा पुर्पक्ष गरी अरुमा कानूनबमोजिम गर्नु।

इति संवत् २०६९ साल माघ २८ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** नि.नं. ०६९-AP-०२७८, लागू औषध, *उर्गेन लामा वि. नेपाल सरकार*

यी निवेदक लागू औषध खैरो हेरोइन,मुद्दाको पुर्पक्षको सिलसिलामा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८(२) नं. बमोजिम थुनामा रही शुरू फैसलाबमोजिम ५ महिना कैद सजाय भुक्तान गरी छुटी गएको भन्ने देखिन्छ। शुरू फैसलाउपर परेको पुनरावेदनको रोहमा पुनरावेदन अदालत, पाटनबाट शुरू फैसला उल्टी भई निजलाई ५ वर्ष कैद तथा रू. ५,०००।- जरीवाना हुने ठहरेकोले सो फैसलाउपर यस अदालतमा पुनरावेदन

गर्न अ.बं. १९४ नं. को कानूनी व्यवस्था तथा यस अदालतबाट यस्तै प्रकृतिका मुद्दामा भएका आदेश समेतलाई आधार बनाई यी निवेदकलाई अ.बं. १९४ नं. को सुविधा उपलब्ध गराईपाऊँ भनी निवेदन पर्न आएको देखियो । उल्लिखित परिप्रेक्ष्यमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १९४ नं. बमोजिमको सुविधा प्रदान गरी निजको पुनरावेदन दर्ता गर्न नमिल्ने भनी सर्वोच्च अदलत, नियमावली, २०४९ को नियम २७ (२) बमोजिम मिति २०६९।१०।१५ मा भएको दरपीठ आदेश मिलेकै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नु ।

इति संवत् २०६९ साल माघ २३ गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** ०६९-WO-०७९२, उत्प्रेषण समेत, *विश्वेश्वर मण्डल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

पदनामसम्बन्धी स्वास्थ्य सेवा विभागको २०६७।२।६ को पत्रबाट निवेदकलाई सि.अ.हे.व. अधिकृत भनी पदनाम दिएको अवस्थामा सोही विभागको २०६९।८।२९ को सरूवा पत्रमा सरूवा गरिएको पद "अ.हे.व." मात्र उल्लेख गरिएको पाइँदा पदनाम र हैसियत नै फरक पर्ने जस्तो गरी सरूवा गरिएको भन्ने उक्त पत्रबाट देखिँदा उल्लिखित सरूवासम्बन्धी पत्र र त्यसमा उल्लिखित निर्णय निवेदकको हकमा कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिएको छ । आदेशको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल माघ २१ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** ०६९-WO-०७९६, उत्प्रेषण समेत, *दलबहादुर थापा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर मध्यमाञ्चल क्षेत्रीय निर्देशनालाय अन्तर्गतको निकाय भन्ने नदेखिएको र निवेदकले स्वास्थ्य सेवा विभागमा सरूवा बदरको लागि दिएको निवेदनमा कारवाही नभएको अवस्था समेतलाई विचार गर्दा निवेदकलाई सरूवा गरेको मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०६९।८।२९ को सरूवा निर्णय अधिकारक्षेत्रको दृष्टिले त्रुटिपूर्ण भई विचारणीय देखिँदा पछि ठहरेबमोजिम हुने गरी हाललाई निवेदकको हकमा उक्त मिति २०६९।८।२९ मा सरूवासम्बन्धी निर्णय एवं पत्र समेत कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिएको छ । आदेशको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल माघ २१ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी, रिट निवेदन नं.** ०६९-WO-०८०१, उत्प्रेषण समेत, *स्वर्गबहादुर के.सी. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रस्तुत मुद्दाको वारदात २०६६।१०।८ मा भएको देखिएको र द्वन्द्वकालीन वारदात नदेखिनुको साथै वृहत शान्ति सम्झौताले समेट्दैन भन्ने निवेदक तर्फको जिकीरलाई समेत मध्यनजर गर्दा निवेदनमा उल्लेख भएको निवेदक स्वर्गबहादुर के.सी. जाहेरवाला भएको कर्तव्य ज्यान मुद्दा फिर्ता गर्ने २०६९।१०।४ को निर्णय पछि ठहरेबमोजिम हुने नै हुनाले उक्त निवेदकले उल्लेख गरेको कर्तव्य ज्यान मुद्दा फिर्ता लिने उल्लिखित निर्णय तत्काल कार्यान्वनयन नगर्नु, नगराउनू भनी विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ । आदेशको सूचना दिई नियमबमोजिम गर्नु ।

इति संवत् २०६९ साल माघ २१ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, रिट** निवेदन नं. ०६९-WO-०७६८, उत्प्रेषण, *अग्नि हाइड्रो प्लान्ट प्रा.लि.का अख्तियारप्राप्त रिजन मैनाली वि. ऊर्जा मन्त्रालय समेत*

विपक्षीको मिति २०६९।६।१५ को निर्णय पूर्व नै निवेदकले विद्युत सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिई सकेको भन्ने देखिँदा यस मुद्दाको टुङ्गो नलागेसम्म उक्त निर्णयबमोजिमको दस्तूरसम्बन्धी व्यवस्था तत्काल कार्यान्वयन नगर्नु भनी विपक्षीका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । सोको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल माघ १९ गते रोज ६ शुभम् ।